सम विकास केन्द्र (EDC) नेपाल, डोटी

# स्थानिय अधिकार कार्यक्रम

## वार्षिक प्रगती प्रतिवेदन

## जनवरी देखि डिसेम्बर, २०२३


**प्रतिवेदन तयार गर्ने :**
नरेन्द्र बहादुर वि.क.
कार्यक्रम संयोजक
सम विकास केन्द्र (ईडिसि) नेपाल, डोटी

**प्रतिवेदन प्राप्त गर्नेः**
सुनिता तिवारी
कार्यक्रम अधिकृत
एक्शनएड नेपाल

# सहभागिमूलक चिन्तन् मनन् प्रक्रिया (PRRP)
# अर्धवार्षिक प्रतिवेदन
# जनवरी देखि डिसेम्बर २०२३

## १. परिवेश विश्लेषण

सामाजिक, राजनैतिक तथा आर्थिकअवस्थालाई विश्लेषण गरि प्रमुख परिवर्तनहरूसँग सन्दर्भ मिल्ने परिवेशलाई मात्र राख्ने । हाम्रो कार्यक्रमलाई कुनै रुपमा असर पुऱ्याउने परिवर्तनमा जोड दिने ।

सम विकास केन्द्र (ईडिसि) नेपाल, डोटीले गरिब, दलित, महिला, सिमान्तकृत तथा पछाडि पारिएका समुदायलाई आफनो अधिकारको बारेमा शसक्तिकरणको माध्यमबाट सचेत बनाउदै, तिनको सवाल प्रतिको जनमत निर्माण गरि मानव अधिकारमुखि अभियान द्वारा समाज रुपान्तरण प्रकृयामा कार्य गर्दै आएको छ । एक्शनएड नेपालसंगको साझेदारीमा मानव अधिकारमुखि अभियानमार्फत महिला अधिकारका क्षेत्रमा काम गर्दै आएको छ । मुख्यरुपमा महिला अधिकारलाई केन्द्र बिन्दु बनाउदै महिला तथा बालिकाहरुको सक्षमता तथा नारीवादी नेतृत्व र उत्पादनशील भूमिका प्रबर्द्धन मार्फत् महिला तथा बालिका माथी हुने हिंसा र लैंगीक असमानता अन्त्य गर्न मुख्य प्राथमिकताको रुपमा कार्यक्रम संचालन भईरहेको छ ।

कार्यक्षेत्रको राजनितिक परिवेश हेर्दा जिल्लामा बिकास निर्माणका योजनाका कामहरु सुचारु भईरहेका छन । महिलाहरुले ठुला योजनाहरुमा नेतृत्व लिदै आएका छन । यस पटक प्रधानमन्त्रि स्वरोजगार कार्यक्रममा समुहका ८८ जना महिलाहरुको पहँच पुगेको छ । कार्यक्षेत्रका ३ वटै पालिकाहरुमा समुहका ९२ जना महिला कृषकहरुले तरकारी खेति, कुखुरापालन, बाखापालन, च्याउ खेतिका लागि बिउँ, कृषि सामाग्रीका साथै २२ लाख अनुदान प्राप्त गरेका छन । बिगतका वर्ष भन्दा यस वर्ष पालिकाहरुद्धारा लैंगिक तथा महिलामैत्रि बजेट बिनीयोजन गरेको भएता पनि आवश्यक योजनाहरु प्रयाप्त मात्रामा हुन सकेको छैन भने पास भएका योजनाहरु पनि पार्टिमा संलग्न व्यक्तिहरु र नातागोताको आधारमा दिने गरेको छ । यस वर्ष कार्यक्षेत्रका तिन वटै पालिकाहरुमा श्रमिक संयन्त्र हुनुका साथै १ पालिकामा श्रम डेस्क स्थापनाका भएको छ । श्रमिकहरुले पाउने समान ज्याला, सुरक्षा तथा श्रमिक बिमाको बारेमा पालिकाद्धारा अनुगमन हुन थाले पछि ज्यालामा समानता हुदै गई रहेको छ भने श्रमिक पन्जिकरणको लागि वडाहरु सक्रिय रहेका छन । शिखर नगरपालिकाद्धारा महिलाहरुको कार्यबोझमा कमि ल्याउन यस वर्ष १० लाख बजेट बिनियोजन भएको छ उक्त रकम कुटानि पिसानी मिल, धान चुट्ने थ्रेसर र खानेपानीका कामहरु भईरहेका छन । यसै गरि के आई सिं गा. पा. द्वारा पनि महिलाहरुको कार्यबोझमा कमि ल्याउने योजनाका साथै महिला मैत्रि हाटबजार र अर्गानिक तरकारी खेतिको लागि ६ लाख बजेट बिनियोजन हुनुका साथै आवश्यक सामाग्रीहरु सहयोग गरिएको छ । पालिकाहरुमा रेफरल तथा GBV कोष स्थापना गर्दा हिंसामा परेका पिडित व्यक्तिहरुले सहजरुपमा सेवा लिने गरेका छन जसले गर्दा आर्थिक अवस्था कमजोर भई न्यायलय सम्म जान गाह्रो हुने डर पिडितमा हटेको छ ।

कार्यक्षेत्रको सामाजिक परिवेश हेर्दा डोटी जिल्लाका अधिकाशं पुरुषहरु भारत तथा बाहिरी देशमा जाने भएता पनि स्वदेश मै व्यापार तथा रोजगारीको क्रममा घरमा रहेका पुरुषहरुले घरायसि काममा सघाउने गरेका छन जसले गर्दा यस अबधिमा १०४ जना महिलाहरुको कामको बाडफाड हुनुका साथै उनिहरुको कार्यबोझमा कमि आएको छ । महिलाहरुको कार्यबोझमा कमि आउन थाले पछि उनिहरु समुहको बैठक तथा तालिम गोष्टिहरुमा संलग्न हुने गरेका छन । हिन्दु धर्मावलम्बीहरुमा मंसिर महिना बिवाहका लागि उत्तम मानिने भएको हुँदा समुदायमा बिवाह, व्रर्तबन्ध तथा भोजका कार्यक्रमहरुको चहलपहल बढेको छ । कृषकहरु हिउँदे बालिहरु छर्ने र खेतमा मल बोक्ने काममा निकै व्यस्त रहनुका साथै हिउँदे तरकारी काउँली, बेसार, अदुवा,बन्दा, मुला, पालुङ्गो, भाजि, सुन्तला बिकी गर्ने र आलु, प्याज,लसुन, जस्ता तरकारीका बिउँहरु छर्ने र बर्ना सार्ने काममा संलग्न रहेका छन । महिला तथा बालबालिका माथि हुने घटनाहरुको न्युनिकरण गर्न सरोकारवाला सबै निकायहरुले मेला महोत्सवको आयोजना गरेर सचेतनाका अभियानहरु सुरु गर्ने गरेका छन । यसका साथै जिल्लामा अधिकांश परिवार गाउँ नै रितो बनाएर बसाईसराई गरी भारत जाने दर बढेको छ । यस्तो हनुको मुख्यकारण जिल्लामा आर्थिक मन्दि रहेको कुरा पत्रकारहरुले पुष्टि गरेका छन भने लघुबित्त बैंकहरुले समुदायका व्यापारी देखि बचत गर्ने बचतकर्ताहरुको लगानी डुबाएर बैंक नै बन्द गरि भागेका घटनाहरु घटेका छन । हाल उक्त लघुबित्तहरुलाई बचत कर्ताहरुले उजुरी गरेता पनि बैंक प्रमुख नै भागेका कारण उहाहरुको बचत असुली हुन सकेको छैन । यसका साथै यस समयमा समुदायमा भुवा नाँच, पुतला नाँच,पुसे पन्ध्र जस्ता चाड पर्वहरुको पनि रोनक रहेको छ ।

कार्यक्षेत्रको आर्थिक परिबेश हेर्दा साना खाले व्यवसायमा आबद्ध महिलाहरुहरुले माषिक ५ हजार देखि ३२ हजार सम्म आम्दानी गर्दा उहाहरुलाई घर खर्च चलाउन र बालबालिकाहरुको स्वास्थ्य तथा शिक्षा क्षेत्रमा आवश्यक खर्च गर्न सहयोग

पुगेको भएता पनि अधिकांश डोटी जिल्लाको नै आर्थिक स्थिती खस्कदो अवस्थामा रहेको छ । जसले गर्दा जिल्लामा बसेर परिवारको आर्थिक भार धान्न नसकिने भए पछि यस जिल्लाका अधिकांश पुरुषहरु भारत तथा बाहिरि देशमा जानको लागि बाध्य भईरहेका छन । जिल्लाका अन्य पालिकाहरुको तुलना कार्यक्षेत्रका ३ वटा पालिकाका अधिकाशं महिला पुरुषहरु सानाखाले व्यवसायमा आवद्ध रहने गरेको हुदाँ उहाहरुको जनजीवनमा सहज बनेको छ । पालिकाहरुद्धारा हुने बिकासे योजनाका कामहरुका साथै स्थानियहरुले हिउँदे सिजनमा घर बनाउने भएको हुँदा श्रमिकहरुले सहजै कामहरु पाउने गरेका छन । यस समयमा किसानहरुले भट्मास, बेथे, गहत जस्तत दलहन बालि र काउँली, बेसार, अदुवा,बन्दा, मुला, पालुङ्गो, भाजि, सुन्तला बिकी गर्ने गरेका छन जसले गर्दा उहाहरुको आर्थिक समस्या टरेको छ ।

## २. प्रमुख परिवर्तनहरू

## २.१ प्राथमिकता नं १:लैंगिक असमानता एवम महिला तथा बालिकामाथि हुने लैंगिक विभेद अन्त्य गर्न नारीबादी नेतृत्व विकाश तथा महिलाहरुको संगठन निर्माण गर्ने ।

- **परिवेश विश्लेषण गर्ने (हाम्रो प्राथमिकता र कामसंग सम्बन्धीत मात्र)**

विभिन्न बस्ति तथा वडा तहहरुमा हुने योजना छनोट प्रकृयामा महिलाहरुको संलग्नता बढ्नुका साथै उक्त स्थानमा महिला तथा बालबालिका र दलित मैत्रि योजनाहरु स्थानिय तहमा पेश गर्ने गरेका छन । यस वर्ष कार्यक्षेत्रका ३ वटै पालिकाहरुमा समुहका ९२ जना महिला कृषकहरुले तरकारी खेति, कुखुरापालन, बाख्रापालन, च्याउ खेतिका लागि बिउँ, कृषि सामाग्रीका साथै २२ लाख अनुदान प्राप्त गरेका छन । बिगतका वर्ष भन्दा यस वर्ष पालिकाहरुद्धारा लैंगिक तथा महिलामैत्रि बजेट बिनीयोजन गरेको भएता पनि आवश्यक योजनाहरु प्रयाप्त मात्रामा हुन सकेको छैन भने पास भएका योजनाहरु पनि पार्टिमा संलग्न व्यक्तिहरुर नातागोताको आधारमा दिने गरिन्छ । समुदाय प्रजन्न स्वास्थ्यको बारेमा सचेत हुदै गएको छ । यस अबधिमा असुरक्षित गर्भपतन गर्नेको दर घट्दो रहयो भने परिवार नियोजनका साधनहरु प्रयोग गर्ने दर बढ्दो कम रहेको छ । जसले गर्दा महिलाहरुमा प्रजनन् स्वास्थ्य समस्या कम हुदै गईरहेको छ । यसका साथै महिलाहरुले भुमि माथिको अधिकार स्थापित गर्नको लागि परिवारमा एकल तथा संयुक्त लाल पुर्जा बनाउने बारे छलफल हुन थालेको छ भने यस अबधिमा ४३ जना महिलाहरुले लालपुर्जा बनाएका छन । पालिकाहरुमा श्रमिक संयन्त्र, श्रम डेस्क स्थापना भएका छन । महिला श्रमिकहरुको समान ज्याला तथा सुरक्षाका लागि स्थानिय तह जवाफदेहि हुन थालेका छन र अनौपचारि क्षेत्रमा काम गर्ने श्रमिकहरुको बिमा बनाउनुका साथै कार्यस्थलमा सुरक्षाका सामाग्रीहरुको व्यवस्था गर्न थालेका छन । यस भन्दा पहिला श्रमिक महिलाहरुको विमा भएको थिएन । जसले गर्दा श्रमिक  महिलाहरुलाई चोट पटक लागेमा उपचार गर्न समस्या हुने गर्दथ्यो ।

**प्राथमिकता १ अन्तर्गत कार्यान्वयनको प्रमुख क्षेत्रहरु**

- **हामीले गरेको कामबाट यौन, प्रजनन् स्वास्थ्य एबम लैंगिक उत्तरदायी सार्बजनिक सेवाको सुनिश्चितता तथा प्रवर्द्धन गरी महिलाको कार्यबोझ घटाउने, पहिचान दिने तथा कार्य बिभाजनका लागि भएका नमूना वा उदाहरणिय परिवर्तनहरु के कस्ता देखिए तथा उक्त प्रभाव वा परिबर्तन ल्याउनका लागि हाम्रो भूमिका के कस्तो रह्यो ?**




महिलाहरुको कार्यबोझमा बृद्धि हुनु, सुत्केरी समयमा बालकलाई बिरामि बनाउने भन्ने अन्ध बिश्वासका कारण महिलाहरुले कुबत बार्ने (पोषिलो खानेकुरा नखाने) कारण महिलाहरु कमजोर हुदै जाने भएको हुदा जिल्लामा प्रजनन् स्वास्थ्य समस्या भएका बिरामि महिलाहरु दर बढ्ने गर्दछ । यस अबधिमा डोटी जिल्लाका ९८५ घरधुरीका महिलाहरुको पाठेघरमा घाउँ हुने देखि लिएर आङ खस्ने, सेतो गन्ध आउने पानी बग्ने समस्या भएका महिलाहरु जिल्ला अस्पतालमा उपचारको लागि आएको बिवरण पश्चात समुहमा प्रजन्न स्वास्थ्य सम्बन्धि छलफल तथा सहजिकरण गर्दा समुहका अधिकांश महिलाहरुमा यो समस्या रहेको हुदा मअमले वडा तथा पालिकाहरुमा गरेको सहजिकरण पश्चात कार्यक्षेत्रका ३९२ जना महिलाहरुको निशुल्क स्वास्थ्य चेकजाच भएको छ जसमा पाठेघरको समस्या भएका १०२ जना महिलाहरुको अप्रेशन भएको छ भने ८२ जना महिलाहरुले पाठेघर खस्ने भएको हुदा रिङ राख्ने गरेका छन । वडा तथा पालिकाहरुद्धारा गाउँमा नै प्रजनन स्वास्थ्य

सिबिर संचालन गरेको हुदा जिल्लामा उपचारको लागि लाग्ने खर्च तथा आर्थिक भार बिना नै महिलाहरुले उपचार गर्न पाएका छन । उक्त उपचार पाउनको लागी महिलाहरुले योजना सहित आ आफ्नो स्थानिय तहमा समुहको निर्णय सहित निवेदन पेश गरेका थिए उक्त कार्यमा सम विकास केन्द्र नेपालको पहल रहेको थियो ।

यसै गरि कार्यक्षेत्रका ५ वटा स्वास्थ्य चौकिको बर्थिङ सेन्टरमा स्वास्थ्य सामग्रीहरु (हाईडोलिक बेड, अटो क्लिप र बर्थिङ सेन्टरमा टायल सहयोग) सहयोग गर्दा उक्त समुदायमा घरमा सुत्केरी हुने दर शुन्यमा रहेको छ । यस अबधि भन्दा पहिले उक्त समुदायमा स्वास्थ्य चौकि फोहोर रहने र नर्मल बेडमा सुत्केरी हुने भएको कारण सन २०२२ मा १६ जना महिलाहरु घरमा नै असुरक्षित रुपमा सुत्केरी भएका थिए । हाल सामग्री सहयोग पश्चात कार्यक्षेत्रका ५८ जना महिलाहरुले सुरक्षित रुपमा सुत्केरी सेवा लिएका छन ।



यस वर्ष बाट कार्यक्षेत्रमा घरमा सुत्केरी हुनेको संख्या शुन्यमा झरेको छ । के आई सिंह गाउपालिकाको वडा नं. ७ मा रहेको भुमिराज स्वास्थ्य संस्थाको सहकार्यमा कार्यक्षेत्रका रहेका गर्भवती महिलाहरुलाई महिनाको एक चोटी स्वास्थ्य संस्था बाट फोन गरेर स्वास्थ्य अवस्थाको बारेमा जानकारी लिन कार्य गरेको छ । यस अवधिमा ६२ जना महिलाहरुलाई फोन मार्फत स्वास्थ्य अवस्थाको बारेमा बुझेका छन । यस वर्षमा कार्यक्षेत्रका ८ वटा स्वस्थ्य संस्था बाट  १९५ जना महिलाहरुले सुरक्षित सुत्केरी सेवा प्राप्त गरेका छन ।

बिद्यालय तथा किशोरी समुह, महिला समुहको बैठकमा छाउपडि प्रथाका बारेमा गरिएको सहजिकरण पश्चात ६ दिन सम्म बिद्यालय नजाने श्री झिमेमालिका माध्यमिक विद्यालय, श्री दुर्गा माध्यामिक बिद्यालय र भवानी आधारभुत बिद्यालयका कक्षा ७ भन्दा माथिका सबै किशोरी तथा बालिकाहरु महिनावारी भएको समयमा बिद्यालय जाने गरेका छन भने  यस अबधिमा कार्यक्षेत्रका ३९५ घरधुरीका महिलाहरुले महिनावारी हुँदा दहि दुध खाने सुरक्षित स्थालनमा सुत्ने र खाना बनाउने गरेका छन । यस वर्ष दिपायल सिलगढी नगरपालिका वडा नं ७ का महिला समुहका ६ जना महिलाहरु छाउपडी प्रथा नमानेको र छाउपडी प्रथा विरुद्ध अभियान कमीको रुपमा परिचालित भएकोमा नगरपालिकाद्धारा सम्मानित भएका छन । समुहका महिलाहरु महिनावारी भएको समयमा घर भित्र सुत्ने गरेको र पोषिलो खाने कुराहरु खादै आएको हुँदा परिवारले सहर्ष यो कुरालाई स्विकार गरि आफुहरुलाई यस प्रथाबाट मुक्त गरेको उहाहरुको भनाई रहेको छ ।

समुहमा गरिएको निरन्तर छलफल, सहजिकरण समुदायमा भेटघाट र  सम्पत्तिमा महिलाहरुको अधिकार स्थापित गराउने उद्देश्यले यस अबधिमा समुहका २८ जना महिलाहरुले एकल र १५ जना महिलाहरुले संयुक्त लालपुर्जा बनाएका छन । जसले गर्दा समुह भन्दा बाहिरका महिलाहरुले पनि लालपुर्जा बनाउनको लागि घरपरिवारमा छलफल गर्ने र आफ्नो नाममा लालपुर्जा बनाउने संख्या १६ जना पुगेको छ । महिलाहरुको नाममा सम्पति हुदा श्रीमानले बहुबिवाह गर्ने डर नरहने र कुटपिट गरि माइतमा धपाउने डर नरहेको उहाहरुको दाबि रहेको छ । पुरुषहरु बाहिरी देशमा रहेको समयमा आफ्नो नाममा रहेको सम्पती बैंकमा धितो राख्दा व्यापार व्यवसाय गर्नको लागि लोन पाइने र साहुको घर खोज्दै जानु नपर्ने उहाहरुको भनाई रहेको छ । पहिले महिलाको नाममा सम्पती हुदा सम्पती सहित पोइल जान्छे भन्ने समुदायको गलत सोच हट्दै गएको छ । यस अवधिमा समुहका ६ जना महिलाहरुले आफ्नो नाममा जग्गा बनाई बैंक बाट लोन लिई व्यवसाय संचालन गरेका छन ।



महिलाहरुको कार्यबोझमा कमि ल्याउनको लागि यस अबधिमा के आई सिं गा पा ले ३ वडाहरुमा खाने पानी, २ वडामा हातेट्याक्टर र ७ वटै वडाहरुमा गहुँ चुट्ने थ्रेसर ल्याएको छ । हाल उक्त पालिकाका ५३३ जना महिलाहरुको कार्यबोझमा ३ घण्टाको दरले कार्य बोझ घटेको छ । उक्त योजना ल्याउनको लागी समुहका सदस्यहरुले सामुदायिक कार्ययोजना र महिलाको कार्यत्रोझामा कमि आउने किसिमका योजनाहरु पालिकालाई पेश गरेका थिए । भने शिखर न पा

ले ४ वटा वडाहरुमा कुटानी पिसानी मिल सहयोग गर्दा ४५२ जना महिलाहरुको ३ देखि ५ घण्टा सम्म कार्यबोझमा कमि आएको छ । यस भन्दा अगाढी महिलाहरुको कार्यबोझ ३ देखि ५ घण्टा बढि रहेको थियो । के आई सिंह गाउपालिका वाड नं. ७ मा सम विकास केन्द्र नेपाल, डोटी र वडाको सहकार्यमा खानेपानी निर्माण गर्दा महिलाहरु निकै खुसी भएका छन । पछिल्लो समुयमा समुदायमा पुरुषहरु कामको सिलसिलामा भारत रहेका छन घरमा सबै कामहरु पुरुषले गर्नू पर्ने अवस्थामा प्राय जसो पानी ल्याने काम पनि समुदायमा महिला तथा वालवालिकाहरुले गर्ने गरेको पाईन्छ । अहिले खानेपानी सहयोग पश्चात महिलाहरुको कार्य बोझामा कमी आउनुको साथै वालवालिकाहरु पनि नियमित विद्यालय जाने गरेको पाईएको छ । जसले गर्दा दलित समुदायमा ४८ घरधुरी लाभान्वित भएका छन । यसका साथै के आई गा पा र शिखर नगरपालिकाले यस वर्षमा महिलाहरुको कार्यबोझमा कमि ल्याउनको लागि २ वटा शिशु स्याहार केन्द्र स्थापना गर्न बजेट बिनियोजन गरेको छ भने सम बिकास केन्द्र र एक्सनएड नेपालको सहयोगमा कार्यक्षेत्रका २ वटा वडाहरुमा स्थापना गरेको शिशु स्याहार केन्द्रबाट ९५ घरधुरीका श्रमिक महिलाहरुको कार्यबोझमा कमि आएको छ । यसरी महिलाहरुको कार्यबोझमा कमि आए पश्चात समुहका महिलाहरु ज्यालादारी काम लगायत बिकासे योजनाकाका कामहरुमा नेतृत्व लिने, महिलाहरुका क्षमता अभिबृद्धी हुने खालका तालिम, गोष्टी र अभियानमा संलग्न हुने अवशर प्राप्त गरेका छन ।यस अघि पालिकामा महिलाहरुको कार्यबोझमा कमी ल्याउने किसिमका योजनाहरु निर्माण गर्न पालिकाका जनप्रतिनिधिहरु र कर्मचारीहरु संग अन्तरक्रिया गरिएको थियो ।

समुहमा गरिएको पञ्जिकरण सम्बन्धि छलफल पश्चात आफ्नो नागरिकताबाट बञ्चित रहदा कुनै पनि समुह समितीमा बस्न नपाएको र मोबाइलको सिम समेत किन्न नमिल्ने भए पछि भारतमा रहेका श्रीमान संग कुरा गर्ने छिमेकिको घरमा जाने गरेकि दि सि न पा ७ कि पारु बि क जस्तै कार्यक्षेत्रका ५८ जना महिलाहरुले नागरिकता प्राप्त गरेका छन ।

- **हामीले गरेको कामबाट महिला बिरुद्ध हुने हिसां जस्तै छाउपडी, बालबिबाह, कुटपिट र अन्य प्रकारको हिंसा न्यूनीकरणमा के कस्तो सहयोग पुग्यो तथा के कस्ता प्रभाव तथा परिवर्तनहरु देखिए?उक्त प्रभाव वा परिवर्तन ल्याउनका लागि हाम्रो भूमिका के कस्तो रह्यो ?**

यस अवधिमा जिल्ला प्रहरी कार्यालयमा १ वटा हत्या, ६ वटा बहुविवाह, ४६ वटा घरेलु हिंसा तथा महिला हिंसा, ९ वटा जजक र १७ वटा बालबिवाहका गरि ७९ वटा घटनाहरु दर्ता भई कानुनी प्रकृयामा रहेका छन । हिंसाका घटनाहरु सहनु हुदैन खुलेर बाहिर आउनु पर्छ भन्ने मानषिकता समुदायमा बृद्धि हुदै गएको छ भने कति पय घटनाहरु अझै पनि कानुनी प्रकृयामा आउन सकेको छैन । यस्ता खाले घटनाहरु न्युनिकरणको लागि सरोकारवाला सबै निकायहरुले समुदायमा सचेतनामुलक अभियानमा जोड दिदै सचेतनामुलक अभियानहरु संचालन भईरहेका छन । पछिल्लो परिबेशमा समुदायमा स्थानिय तहसंगको सहकार्य तथा युवा संजालको आयोजनामा महिला माथि हुने हिंसा सम्बन्धि जनचेतना कार्यक्रम संचालन गरिएको छन ।



यसका साथै पालिकाहरुमा रेफरल तथा GBV कोष स्थापना गर्दा हिंसामा परेका पिडित व्यक्तिहरुले सहजरुपमा सेवा लिने गरेका छन । के आई सिं गा पा उपाध्यक्ष मिना बिष्ट भन्नुहुन्छ *"पहिले पालिकामा हिंसामा परेका महिलाहरुलाई आर्थिक सहयोग गर्दा अडिटले कमेन्ट गर्नै तथा लेखामा निकै समस्या हुने गर्दथ्यो जब हामिले सम बिकास नेपालको सहयोगमा पालिकामा न्यय्ह कोष र रेफ्रल कार्यबिधि बनायौ हाल सोहि अनुरुप काम हुने भएको हुदा हामिलाई सहज वातावरण सृजना भएको छ भने पिडितले पनि सहजरुपमा सेवा सुबिधा लिने मौका पाएका छन । यसका लागी हामीले पालिकाको न्यायिक समितीमा रहेको कर्मचारीको आवश्यक पेश्की रकम दिएका छौ जुन सुकैवेलामा पनि महिलाहरु आउनु भयो भने हामीले त्यो पेश्की रकम बाट सहयोग गर्ने गरेका छौ । रकम पेश्की लिने कुरा पनि कार्यविधिमा उल्लेख गरेका छौ"* यसका साथै मअम र महिला समुहको पहलमा कार्यक्षेत्रका ३ वटै पालिका न्यायिक समितीमा महिला तथा घरेलु हिंसा सम्बन्धि ३८ वटा घटनाहरु दर्ता भई फर्चुट भएका छन ।

हिंसा पिडित महिलाहरुलाई न्यायमा पहुच पुऱ्याउनको लागी समुह समितीका सदस्यहरुलाई क्षमता विकास गरिएको छ । हिंसा पिडित महिलालाई न्याय दिनको लागी कानुनी सल्लाह, मुद्धा दर्ता गराउनमा सहयोग र महिलाहरुलाई गाउ देखि जिल्ला सम्म जानको लागी सहयोग गरिएको छ । यसै सन्दर्भमा कार्यक्षेत्रका ३ वटा पालिकाहरुमा २०२२ मा रिफ्रल

गाईडनाईन बनाउनमा सहयोग गरिएको छ । उक्त निती पालिकाले पास गरी कार्यान्वयनमा ल्याई सके पश्चात हाल हिंसा पिडीत महिलाहरुले सेवा लिन सहज भएको छ ।

यस अबधिमा बिगतका अभ्यास तथा सिकाईहरुलाई मध्ये नजर गरि अभियान संचालन गर्दा कार्यक्षेत्रमा हुने गरेका भागि बालबिवाह पनि रोक्न सफल भएका छन । के आई सिं गा पा ७ बलरगाउँका १६ वर्ष मुनीका १३ जना किशोरीहरुले एकै वर्षमा भागि बिवाह गरे पश्चात समुदायमा अभिभावक तथा किशोर, किशोरीहरु संगको निरन्तर छलफल तथा सहजिकरण गर्दा यस अबधिमा उक्त वडामा उमेर नपुगी हुने भागि तथा माघि दुबै खाले बालविवाह कमी हुन थालेको छ भने कार्यक्षेत्रका अन्य २ वटा वडाहरुमा पनि यस अबधि सम्म कुनै प्रकारका बालबिवाह भएको छैन । गत वर्षको तुलनामा यस वर्ष भागि बिवाहमा पनि कमि आउदै गरेको छ ।

○ **महिलाश्रमिक तथा गृहश्रमिकहरुको पेशागत सुरक्षा तथा ज्यालाको विभेद अन्त्य गर्ने सन्दर्भमा हामीले गरेका कामहरुले के कस्तो प्रभाव वा परिबर्तन ल्यायौं? सो प्रभाव वा परिबर्तन ल्याउनका लागि हाम्रो भूमिका के कस्तो रह्यो?**

श्रमिक महिलाहरुको कार्ययोजना अनुरुप ज्यालामा रहेको असमानता हटाउनुका साथै अनौपचारि क्षेत्रमा काम गर्ने श्रमिक महिलाहरुको कार्यस्थलमा हुने सुरक्षा तथा सामाजिक सेवाको बारेमा स्थानिय तहहरुसंग वकालत गर्दै मे महिनामा डोटी जिल्लाका ९ वटै स्थानिय तहहरुका प्रमुख, उपप्रमुख तथा ठेकेदारहरु र ट्रेड युनियन देखि सम्पुर्ण सरोकारवाला निकायहरुको उपस्थितीमा श्रमिक महिला सम्मेलनका साथै जिल्लामा यस सम्बन्धि गरिएका निरन्तर अभ्यास पश्चात कार्यक्षेत्रका ५ (छ महिना अगाडि २ वटा वडा) वटा वडाहरुमा निमार्ण सम्बन्धि क्षेत्रमा काम गर्ने श्रमिकहरुको ज्याला जिल्लाले तोकेको दर बमोजिम अध्यक्ष श्रामिकहरुले ७ सय र दक्ष श्रमिकले १ हजारका दरले समान ज्याला पाउने गरेका छन । यसका साथै श्रमिक महिलाहरुले निमार्णको काममा मात्र नभएर कृर्षिको काममा पनि समान ज्यालाको माग गर्ने गरेका छन । हालको अबधिमा उक्त ५ वटा वडा सहित कार्यक्षेत्रका २९४ जना (छ महिना अगाडि १४५) जना श्रमिकहरुको म्यादी बिमा बनेको छ । (अघिल्लो वर्ष ११३ जना) भने कार्यस्थलमा चोट लागेर हात भाचिएकि तारा पार्कि को उपचारको लागि श्रमिकहरुले आवाज उठाउदा रु २० हजार उपचार खर्च पाएकि छन र पछिल्लो समयमा ठेकेदारहरुले कार्यस्थलमा सुरक्षाका सामाग्रीहरु पनि दिने गरेका छन ।

श्रमिक महिला समुहको पहल र स्थानिय तहको सहयोगमा यस वर्ष श्रमिकहरुको ज्यालामा ठगि गर्ने ४ जना ठेकेदारहरुलाई प्रहरी कार्यालयले नियन्त्रणमा ल्याई दि सि न पा ४ का १८ जना श्रमिकहरुको ३ लाख १२ हजार श्रमिक महिलाहरुको ज्याला असुली भएको छ । यो रकम असुल गर्नको लागी श्रमिक महिला समुहले समुहको योजना बनाई न्यायिक समितीमा उजुरी दिएका थिए । उक्त न्यायिक समतीमा छलफल पश्चात महिलाहरुले जिल्ला प्रहरी कार्यालयको सहयोगमा उक्त रकम असुल गर्न सफल भएका छन ।

पालिकाहरुसंग गरिएको निरन्तर छलफल तथा सहजिकरण पश्चात शिखर नगर पालिकाले यस वर्ष आफ्नो १ वटा पालिमामा श्रमिक बालबालिकाहरुको सुरक्षाका लागि शिशुस्याहार केन्द्र स्थापना गर्न यस आर्थिक वर्ष २०८०/८१ को लागि १० लाख बजेट बिनियोजन गरेको छ ।

यस वर्ष मे महिनामा स्थानिय तहलाई जवाफदेहि बनाउनको लागि श्रमिक महिलाहरुले पालिकामा अनुगमन संयन्त्र हुनु पर्ने माग राखे संगै कार्यक्षेत्रका ३ वटै पालिकाहरुका पालिका उपप्रमुखहरुको नेतृत्वमा ७ सदस्यि श्रमिक अनुगमन संयन्त्र बनेको छ र दि सि न पा मा श्रमिक डेस्क स्थापनाको लागि कार्यबिधि निमार्णमा सहजिकरण गरिएको छ । अनुगमन संयन्त्र पालिकाहरुको लागि अति आवश्यक रहेको तर कार्यबिधि निमार्णमा समस्या रहेको हुँदा हाल सम्म यो कार्यको थालनि नभएता पनि आगामि दिनमा यसको प्रभावकारी कार्यान्वयनमा जोड दिने कुरा जनप्रतिनिधिहरुको रहेको छ । साथै दिपायल सिलगढी नगरपालिकाको पालिकाको अनुगमन संयन्त्र र श्रम डेस्क बार्यविधि निर्माण गरि कार्यपालि बाट पास समेत गरि सकेको छ ।

○ माथि उल्लेखित क्षेत्र बाहेक यस अवधिभित्रहाम्रा के कस्ता पहलहरु रहेतथा कस्ता उपलब्धिहरु भए?

**प्राथमिकता नं १ अन्तर्गत २०२३ मा गरिएकाभौतिक निर्माण सम्बन्धिपहलहरु**

| क्रियाकलाप | स्थान | लाभान्वित संख्या | जम्मा लागत |
|---|---|---|---|
| | | | |

| | | | |
|---|---|---|---|
| स्वास्थ्य संस्थाहरुलाई सामग्रीहरु सहयोग | के आई सिंह ४, ६, ७<br>शिखर न.पा. १, २,<br>दि.सि.न.पा. ५ | १४ सय घरधुरी | ४४७,८००। |
| महिलाको कार्यबोझमा कमी ल्याउनको लागी पाईप सहयोग | शिखर नगरपालिका वडा नं. २ | ५५ घरधुरी | २५,२०१। |
| महिलाको कार्यबोझमा कमी ल्याउन कुटानी पिसानी मिल सहयोग | शिखर नगरपालिका वडा नं. ६ | ७३ घरधुरी | ३००,०००। |
| श्रम डेस्क स्थापना | शिखर नगरपालिका | १ पालिका | |

**प्राथमिकता नं १ अन्तर्गतका कार्यक्रमहरु यो अवधीमा संचालन गर्दा के कस्ता चुनौतिहरुको सामना गर्नु पर्यो ?**

- दैनिक ज्याला दारीमा काम गर्ने श्रमिक महिलाहरुलाई अभियानमा संलग्न गराउन गाह्रे हुनु ।
- हिंसा पिडित महिलाहरुले घर परिवार र समाजको डरले न्यायलय सम्म आउन नमान्नु र न्यायलय सम्म पुगेका पिडितहरुले बयान परिवर्तन गर्दै केश फिर्ता लिनु
- देखासिकि र साथिहरुको लहलैमा लागेर उमेर नपुगेका बालबालिकाहरु भागि विवाह गर्दा बालबिवाह न्युनिकरणमा समस्या हुनु ।

**यी परिवर्तनबाट हाम्रा प्रमुख सिकाईहरू के कस्ता थिए र कसरी ?**

- सरोकारवाला सबै निकायहरु बिच समन्वय र सहकार्य गरि हिंसा पिडीत महिलाहरुलाई समुदायमा पुर्नरस्थापित हुनमा पहल गर्ने
- दैनिक ज्यालादारी काममा  संलग्न श्रमिकहरुको हक अधिकारको लागि पालिका तथा स्थानिय तहलाई जवाफ देहि बनाउनमा पहल गर्ने
- भागि बिवाहमा  कमि ल्याउनको लागि बिद्यालयहरुमा बालकल्ब, युवा संजाल  किशोरी समुहको परिचालकको क्षेत्रलाई बढाउने

**समूदायका सरोकारवाला वा लक्षित वर्गबाट प्राथमिकता नं १ अन्तर्गत व्यक्त गरिएकाभनाईहरु (Anecdotes) उल्लेख गर्ने जसले हामीले गरेको काम तथा सोको प्रभावलाई थप प्रष्ट गर्न सहयोग गर्छ । प्रत्येक भनाई उल्लेख गर्दा सो कुरा व्याक्त गर्ने व्यक्तिको नाम, समूह, ठेगाना आदि पनि उल्लेख गर्ने ।**

*"जात हेर्न भनेर हामि नजिकैको बजार सिलगढी बजारमा गएका थियौ । जातमा मेरा दुई वटा छोराहरु र १४ वर्ष कि सानी नन्द थिइन । नन्दका साथीहरु कहि वरपर घुम्न जाने भनेर बोलाउन आए पछि छिटै फर्कने बाचा गरेर गएकि नन्द धेरै समय गईसक्दा पनि नआए पछि म उनलाई खोज्न गए साझको समय हुन लागेको थियो ५, ६ जना केटाहरुले उनलाई घेरी रहेका थिए । नन्दको नजिक जादा टाउँको भरि रंग थियो उनि रुदै थिइन । के भयो भनि सोध्दा नजिकै गाउँ भएको २६ वर्षिय केटाले जबर जस्ति टाउँकोमा सिन्दुर लगाएको र आफ्नो घर जान धम्कि दिदै गरेको सुनाए । मेरो गाउँको सबै मान्छे बोलाए । जे हुन भयो अब केटीलाई केटाको घरमा लैजान सुझाव दिन थाले । मैले कसैको कुरा नसुनि प्रहरी कार्यालयमा उजुरी गरे । प्रहरीले केटालाई नियन्त्रणमा राखेको छ । अरुको हातको सिन्दुर परेको केटी घरमा फर्काए भनेर सबैले कुरा सुनाउने गर्दथे । मैले कसैको कुरा नसुनी घर परिवारसंग सरसल्लाह गर्दै नन्दलाई पढाइको लागि निरन्तर गरेका छौ उनि अहिले कक्षा ७ मा पढ्दै छिन ।*

ललिता विष्ट
प्रभात महिला समुह
दिपायल सिलगढी नगरपालिका वडा नं. ७

*"हामिले सधैका वर्षहरुमा बाहुन तथा ठकुरी समुदायहरुको मल बोक्ने, खेत खन्ने, रोपाइ गर्ने र धान, गहुँ काट्ने काम गर्नु पर्छ तर हामीलाई यो काम दिन भरि गरेबाफत १५० दिने गर्दछन । पुरुषहरुले एक बिहान जोतेको ७ सय लिने भएको हुदा हामिले यसको बिरुद्धमा बोलेका छौ । पुरुषले पाउने जति ज्याला नदिए सम्म हामि कोहि गाउँको दिदी बहिनी काममा नगएको हुदा हाल महिलाहरुले पनि कृषि काममा समान ज्याला पमउन थालेका हुन ।"*

*डम्मरी वि.क.*
*श्रमिक महिला समुह*
*शिखर न.पा. ४*

**घट्ना अध्ययन कम्तीमा २ वटा (घटना अध्ययन बनाउंदा सकेसम्म समूदायमा ठूलो प्रभाव देखिने खालको घटना उल्लेख गर्ने तथा घट्ना अध्ययनहरुको सहमति वा Consentअनिवार्य रुपमा संलग्न गर्ने)**

## "श्रमिक अभियानले स्थान पाउदै छ"

महिलाहरुले ज्यालामा समानता पाउनै सक्दैन । पुरुषहरुले गर्ने काम महिलाहरुको काम भन्दा बलियो हुन्छ । महिलाहरु कमजोर हुन्छन भन्ने समाज तथा ठेकेदारहरुले महिला र पुरुषले गर्ने कामको समान ज्याला दिने गरेका छन । डोटी जिल्लामा निमार्ण क्षेत्रमा समान कामको समान ज्यालाको माग हुन थाले संगै कृषि क्षेत्रमा काम गर्ने मजदुरहरुले पनि समान ज्याला पाउन थालेका छन ।

यहि शिखर न पा वडा नं ४ मुडभरा घर भएकि डम्मरी बि क दलित तथा बिपन्न परिवार कि महिला हुन । उनि शारिरीक रुपमा पनि अशक्त छन । उनि अहिले ४० वर्ष कि भइन । उनको घरमा श्रीमान, ४ जना छोरा छोरी गरि जम्मा ६ जनाको परिवार छ । श्रीमान पनि शारिरीक रुपमा अशक्त नै छन । उनि शिखर न पा ४ मा रहेको महिला अधिकार मंच कि सदस्य पनि हुन । उनको एउटा हात सानो र बाङगो छ । शरिर पनि स्वस्थ व्यक्तिको जस्तो ठुलो छैन । उनि शारिरीक रुपमा दुब्लो पात्लो सानो भए पनि निकै बलियो काम गर्छिन । बाया हातले धेरै काम गर्न नसके पनि उनले सशक्त व्यक्तिहरुको जस्तै बलियो भारी बोक्ने कामहरु गर्न सक्छिन । उनिलाई काम गर्न सक्ने होइन भनेर धेरै जसो व्यक्तिहरुले काम नै दिदैनथे । आफुसंग कमाएर खानको लागि जग्गा जमिन छैन । उनि हलिया समुदायको महिला पनि हुन । घर परिवारको अवस्था कमजोर रहेको र छोरा छोरीहरु पनि धेरै रहेको हुदा उनले साहूहरुसंग निकै बिन्ती गरि काम खोज्न थालिन । उनको बलियो काम देखेर उनलाई साहुहरुले काम त दिन थाले तर उनले ज्यालाबाट भने ठगिनु पर्ने अवस्था थियो । काममा नजाउँ छोराछोरीहरु भोकै रहने र काममा मा जाउँ ज्यालामा ठगिने कुराले उनलाई भित्र भित्रै पोल्ने गर्दथ्यो । केहि बोले पनि आफ्नो शारिरीक अवस्थाका कारण कसैले काम नदिने भएको हुदाँ उनले पुरुषको भन्दा निकै कम ज्यालामा काम गर्दथिन । २ वर्ष अगाडि उनले ८ घण्टा काम गर्दा २५० पाउथिन भने पुरुषहरु ५०० पाउने गर्दथे । दुर्भाग्य उनका श्रीमान पनि शारिरीक रुपमा अशक्त भएका कारण काम पाउदैन थिए । छोरा छोरी ठुला भए संगै उनि माथि आर्थिक संकट पर्न थाल्यो । जुन ज्याला उनले पाउथिन त्यो ज्यालाले बढ्दो महगिंमा खान समेत धौ धौ हुने भए पछि डम्मरीले यसका बिरुद्धमा बोल्ने सोच थिन । आफुहरु माथि अन्याय भएको उनलाई महशुस त थियो तर अरु महिलाहरुले पनि यसका बिरुद्ध साथ दिन्छन कि दिदैन भनेर उनि चुप बस्ने गर्दथिन । उनि जस्तै सबै महिलाहरुले ज्यालामा ठगिनु परेको थियो ।

यसै समयमा सम बिकास केन्द्र नेपाल र एक्सनएड जेपालद्धारा जिल्लाका धेरै ठाउँहरुमा श्रमिक महिलाहरुको हक अधिकारको लागि अभियानहरु गरिदै आएको कुरा उनले त्रिबेणी एफ एम डोटीबाट सुनिन् । जसमा श्रमिकहरुको समान कामको समान ज्याला, कार्य स्थलमा महिलाहरु माथिहरु माथि हुने सुरक्षाका कुराहरु र जिल्ला दर निर्धारणका कुराहरु सुनाइथ्यो । उनि महिला अधिकार मंचको पनि सदस्य भएको हुदा यो कुरा मअमको बैठकमा राख्ने सोचिन । उक्त महिला अधिकार मंच सम बिकास केन्द्र नेपाल र एक्सन एड नेपालको सहयोगमा गठित र संचालित थियो । डम्मरीले श्रमिक महिलाहरुका सवाललाई महिला अधिकार मंचको बैठकमा राखिन । महिलाहरुले पनि समान ज्याला पाउनु पर्ने र कार्य स्थलमा हुने सबै प्रकारका सुरक्षाको व्यवस्था हुनु पर्ने कुराहरु सुनाइन । डम्मरीको छलफललाई मअमक सबै महिलाहरु स्वीकार गरे । सामाजिक परिचालकको सहयोगमा मअमको बैठकमा श्रमिक अभियानमा के गर्ने, कहा गर्ने र कसरी ,को संग गर्ने भन्ने बिषयमा कार्ययोजना तयार भयो । उक्त मअमका ४५ जना महिलाहरुले टोल, टोल देखि वडा नं ४ भरि समान कामको समान ज्यालाका बिषयमा घर दैलो अभियान, ठेकेदार, निमार्ण व्यवसायि, श्रमिक तथा सरोकारवाला सबै निकाय बिच अन्तरक्रिया, सडक नाटक र पालिकाका श्रमिकहरुको सुरक्षा, समान कामको समान ज्याला, कार्यस्थलमा स्तनपान कक्ष, हिंसा रहित वातावरण, खानेपानी तथा खाजा नास्ताको व्यवस्था, श्रमिक बिमा, श्रमिक पंजिकरण जस्ता ९ बुदे ज्ञापन पत्र पनि पेश गरे । समुदायमा हल्ला खल्ला हुने गरेर श्रमिकका सवालमा अभियानहरु संचालन हुन थाले । यसका साथै उक्त मअमले निमार्ण कार्यमा मात्र होइन कृषि क्षेत्रमा पनि काम गर्ने मजदुरले समान तथा न्यायोचित ज्याला पाउनु पर्ने कुराको माग हुन थाल्यो । दिन भरि मल बोक्ने, गोडमेल गर्ने, रोपाइ गर्ने मजदुर महिलाहरु दैनिक १ सय पाउन थाले पछि महिलाहरुले सरकारले निर्धारण गरे बमोजिमको ज्यालाको माग गर्न थाले । जब सम्म ज्यालामा समानता हुन सक्दैन तब सम्म कोहि श्रमिकले साहुको घरमा काम गर्न नजाने निर्णय मअमको बैठक मा गरे ।

हाल शिखर न पा वडा नं ४ का सबै महिलाहरु जिल्लाले निर्धारण गरेको समान ज्याला पाइरेहका छन भने यस वर्ष उक्त वडा १२७ जना श्रमिकहरु म्यादी बिमा बनेको छ । डम्मरी भन्छिन " छोरा छोरीलाई भोकै राखेर बस्नु भएन । पछि बोझ हुन्छ भनेर माइतीले पनि आफु जस्तै अशक्त व्यक्तिसंग बिहे गरि दिए । संसार बढ्दै गयो । छोरा छोरीलाई बिद्यालय पढाउनै पर्ने भयो समस्याहरुले घेरे पछि आवाज नउठाइ नहुने भयो । मैले त्रिबेणी एफएममा श्रमिकका हक अधिकारका सबै कुरा सुने र गाउँका सबै दिदी बहिनीहरुलाई एक जुट बनाए । हाम्रो यो अभियानमा सबैले साथ दिए । घर बनाउने, बाटो बनाउने, नहर बनाउने काममा त हामिले समान ज्याला पाउन थाले तर हाम्रो  पुर्खा देखि बाहुन, ठकुरीहरुको घरमा खलो खाने चलन थियो । यहि खलो खानको लागि हामिले दिन भरि काम गर्ने र साझ, दुई माना चामल, दाल र नुन खुर्सानी पाउन थाले र वर्षमा २ पटक २ पाथी अन्न पाउथे । कसैले पैसा दिनु परे दिनको १००, १५० दिने गर्दथे । यसका बारेमा पनि हामि निकै ठुलो संर्घष गऱ्यौ । साहुहरुको घरमा काम गर्न नै छोडि दिए पछि । उनिहरुको खेत खन्ने, मल बोक्ने, रोपाइ गर्ने, गोडमेल गर्ने मान्छे नै नपाइने भयो । हाल उनिहरुले पनि खेतबारीमा काम गर्दा दैनिक ७ सय जिल्लाको रेट अनुसार दिने गरेका छन । अहिले हामि खुसि छौ । एक महिना पुरै काम नपाए पनि २०,२२ दिन काम पाइन्छ । एक महिनामा १५ देखि १८ हजार हामिले कमाउने गरेका छौ जसले गर्दा परिवारको पेट पाल्न सजिलो भएको छ । " यसरी शिखर न पा ४ का महिलाहरुले निमार्ण क्षेत्रमा मात्र नभएर कृषि क्षेत्रमा पनि समान ज्याला पाउन थालेका छन ।

**"घरायसि कामको बाडफाड हुन थाले पछि "**

बिहान उठ्ने घरको सरसफाई गर्ने, पानी भर्ने, खाजा नास्ता बनाउने, भाडा माझ्ने, खाना बनाउने, बालबालिका, बुढापाका बिरामीहरुको रेखदेख र गाईगोरुलाई घाँसपात जस्ता सबै कुराको बोझ महिलाहरुमा कम हुदै गएको छ । हाल पुरुषहरु तथा परिवारका अन्य सदस्यहरुले पनि महिलाहरुलाई घरायसि काममा सहयोग गर्न थालेका छन । जसले गर्दा महिलाहरुको समुह समितीहरुमा नेतृत्व बढ्दै गएको छ । भने तालिम गोष्टीहरुमा महिलाहरुले सक्रियता देखाउने गरेका छन ।



यहि दि सि न पा वडा नं ४ घर भएकि बबिता बिष्ट ( बि क) जनज्योती महिला समुहकि सदस्य हुन । उनले १४ वर्षको उमेरमा अन्तरजातिय भागि बिवाह गरेकि थिइन । बिहे गरेकै दिन माइतीहरुले उनका श्रीमानलाई कुटपिट गरे पछि उनिहरु दुबै जना भागेर भारतको पन्जाव भन्ने ठाउँमा गएका थिए । पन्जावको ५ वर्षको बसाई पछि उनिहरु २ वटा छोरी छोरी सहित आफ्नो घरमा फर्किए । घरमा सासु, ससुरा, देवर अनि नन्द र गरि १० जनाको परिवार थियो । देवर र नन्दहरु पढ्न जान्थे । सासु, ससुराहरुले बुहारी घरमा आई भनेर काम नगर्ने, श्रीमान साथी भाई संग घुम्न जाने गर्दथे । साना छोराछोरी संग घरको काम काज समाल्न उनलाई निकै समस्या हुने गर्दथ्यो । उनि घर कै काममा व्यस्त रहने भए पछि कुनै पनि समुह समितीमा नजाने र कुनैमा गए पनि समयमा पुग्दैन थिन । जसले गर्दा उनले समुहका सदस्यहरुको पनि कुरा सुन्नु पर्ने बाध्यता हुन्थ्यो । बिहान उठ साना छोरीहरुको डाइपर बदल्ने, दुध चुसाउने र घरको सरसफाई पानी पनेरो गर्दा गर्दै फेरी नन्द, देवरको बिद्यालय जाने समय हुने र खाना बनाउनु पर्ने , खाजा तयारी गर्नु पर्ने हुन्थ्यो । उनले दिनमा १६, १७ घण्टा आरामको सास लिन नमिल्ने अवस्था थियो ।

सन २०२१ मा उनि सम बिकास केन्द्र नेपाल र एक्सनएड नेपालका सहयोगमा संचालित द महिला नेटवर्क परियोजनाद्धारा दि सि न पा ४मा गठन गरिएको जनज्योती महिला समुहकि सदस्य भइन । उनले समुहमा महिनै पिछे जान नपाउने अवस्था थियो । समुहमा महिलाहरुको कार्यबोझ , घटाउने घरायसि कामको बाटफाड गर्ने, घरेलु हिंसा, महिला हिंसा, समान कामको समान ज्याला जस्ता बिषयहरुमा छलफल हुने गर्दथ्यो । समुहमा माषिक छलफलका साथै महिला, पुरुष, सासु, बुहारी अन्तरकिया हुने गर्दथ्यो । उक्त कार्यकममा घरायसि कामको बाडफाड, महिलाहरुको नेतृत्व बिकास, आयआर्जनका बिषयमा छलफल हुने गर्दथे । बबिताले पनि समुहमा सिक्दै गए अनुरुप घरमा श्रीमान, सासु,

ससुराहरुसंग कुराहरु राख्दै गइन । समुहबाट बबिता र उनका श्रीमानको समय तालिका भर्न सुरु गऱ्यो । समय तालिकाको नतिजा समुहका बैठकमा जानकारी गराउने गरिन्थ्यो । जसमा समय तालिका भर्ने जोडीहरु पनि बस्न गर्दथे ।

यसरी बबिताको श्रीमानको सोचमा परिवर्तन आउन थाल्यो । बबिता भन्छिन " मैले अन्तरजातीय बिवाह भए देखि हाल सम्म माइत जान पाएको छैन । अब मेरो संसार नै यहि हो उहाहरु म देखि दुखि भए म काहा जाने त भन्ने पिरले मलाई सताउने गर्दथ्यो । घरको सबै काम गर्नु मेरो कर्तव्य हो मेरो धर्म हो भ्कै लाग्थ्यो । कहिले काहि दुख बिरामी कुदा पनि म घरमा कसैलाई केहि नभनी कामहरु गर्ने गर्दथे । जब म समुहको बैठकमा जाने थाले । समुहका हरेक कार्यकमहरुमा भाग लिने थाले अनि महसुश भयो कि होइन म गलत रहेछु । मैले कति धेरै कुराहरु सहेर बसेको रहेछु । गाउँका अरु दिदी बहिनीको तुलनामा म कति पछाडि परेको रहेछु भन्ने लाग्यो । मै ले अरु जस्तै धेरै अगाडि बढ्नु छ । म त पढे लेखेको महिला हु मैले घरको चुलो चौकोमा सिमीत रहने होइन भन्ने कुरा बुझ थाले । मेरो श्रीमानले पनि मलाई घरको हरेक काममा सहयोग गर्न थाले । हुन त हाम्रो प्रेम बिवाह भएको हो । तर अझै बढि माया उनले अहिले गर्न थालेको महसुस हुन्छ । उनले दिनानु दिन म प्रती माया देखाउन थालेका छन । केहि गरुङगो काम गर्दा पनि म गर्छु तिमी आराम गर वा तालिम, बैठकहरुमा जाउँ भन्नु हुन्छ । घरका अन्य सदस्यहरुले पनि फुर्सदको् समयमा घरको काममा सघाउनु हुन्छ । जसले गर्दा म फ्रि भएर तालिम, गोष्टीहरुमा सहभागि हुन पाउछु । म घर भन्दा बाहिर निस्कन थाले । केहि कुराहरु बुझ्न थाले । आफु मात्रै होइन समुदायका अन्य दिदी बहिनीहरुको हक अधिकारको लागि पनि आवाज उठाउने गरेकि छु । म अहिले दि सि न पा ४ को स्वयमसेबिका पनि भएर काम गरि रहेकि छु भने श्रमिकहरुको हक अधिकारको लागि पनि आवाज उठाइ रहेका छौ म जस्तै धेरै दिदी बहिनीहरुका श्रीमानहरुले घरको काममा सहयोग गर्ने गरेका छन । हाम्रो समुदायमा जडा गाडेर रहेको जातीय प्रथाको बिरुद्धमा पनि मैले आवाज उठाउन थाले । म जस्तै अरु छोरी मान्छेहरुले माइती घरको हेला हुन नपरोस भनेर पनि म यो प्रथाको बिरुद्धमा अभियानहरु गर्न थालेकि छु । अहिले म जन ज्योती महिला समुहको अध्यक्ष छु भने ५ लाख को आने पानी उपभोक्ता समितीको अध्यक्ष २ लाखको बाटो निमार्ण समितीको कोषध्यक्ष भएर पनि काम गरि रहेो छु । "
यसरी महिलाहरुको कार्यबोझमा कमि हुन थाले पछि उहाहरु तालिम गोष्टीहरुमा सहभागि हुने र महिला अधिकारका बिरुद्ध, अन्यायका बिरुद्ध आवाज उठाउन थालेका छन ।

**प्राथमिकता नं १ को बजेट विवरण (जनवरी देखि जुनसम्म)**

| स्विकृत बजेट | कुल खर्च | खर्च प्रतिशत |
|---|---|---|
| ३४,२५,३८२। | | |

## प्राथमिकता नं २:गुणस्तरीय सार्वजनिक शिक्षालाई सबै बालबालिकाको आधारभूत अधिकारका रुपमा विकाश गर्ने ।

- **परिवेश विश्लेषण गर्ने (हाम्रो प्राथमिकता र कामसंग सम्बन्धीत मात्र)**

यस अवधिमा स्थानिय अधिकार कार्यक्रमको कार्यक्षेत्र दिपायल सिलगढी नगरपालिका वडा नं. ५ र वडा नं. ८ विभिन्न सामाजिक संघ संस्थाहरु र पालिकाको सहकार्यमा वालश्रम मुक्त वडाको रुपमा घोषणा गरिएको छ । बालकल्ब र युवा संजालको पहलमा शिखर न पा २ मुडेगाउँमा रहेको माहाकाली माबिले कमजोर तथा फरक क्षमता भएका बालबालिकाहरुको लागि डेड घण्टा सम्मको विद्यलायमा कोचिङ कक्षा संचालन गर्ने र कमजोर बालबालिकालाई अगाडि बेन्चमा राख्ने तथा बेन्च बदल्ने गरेको छ । युवा संजालको पहलमा जिल्लाका १३ जना वालवालिकाहरु घरायसी श्रमिक बाट मुक्त गराई नियमित रुपमा विद्यालय गईरहेका छन । बिद्यालयमा बालबालिकाहरु बसाई सराई गर्ने र बिद्यालय छोड्ने समस्या बढ्दै गएको छ । यस अबधिमा बिद्यालय छोडेका ७८ जना बालबालिकाहरु पुन बिद्यालय जान थालेका छन भने १७ जना बालबालिकाहरु लागु पदार्थ दुर्व्यसनिमा संलग्न रहेका कारण भारत गएका छन । पछिल्लो समयमा आमा बुवा संग संगै वालवालिकाहरु भारत जाने गरेकाले वालवालिकाहरुको पढाइमा समस्या भएको छ । स्थानिय तहले बिद्यालयको अवस्था सुधारको लागि खासै सरोकार राख्ने गरेको देखिदैन । बालकल्ब, युवा संजाल तथा किशोरी समुहले बार्षिक कार्ययोजना बनाई बिद्यालयहरुमा अतिरिक्त कियाकलापहरुको आयोजना गरि बाल बिवाह, छाउपडि प्रथा, लागु पदार्थ दुर्व्यसन तथा बालिका शिक्षा सम्बन्धि अभियानहरु संचालन भई रहेका छन । यस अबधिमा सार्वजनिक बिद्यालयहरु युवा संजालको पहलमा जातिय बिभेद, बालिका शिक्षा, बालबिवाह जस्ता बिषयमा छलफल हुन थालेको छ ।

- **प्राथमिकता २ अन्तर्गत कार्यान्वयनको प्रमुख क्षेत्रहरु**

- **विद्यालय सुशासन तथा प्रवर्धन तथा शैक्षिक गुणस्तर अभिबृद्धिसम्बन्धि के कस्ता उपलब्धिहरु हासिल भए ? सो उपलब्धिहरु हासिल हुनमा हाम्रो भूमिका के कस्तो रह्यो ? (जस्तै बालकेन्द्रित शिक्षण सिकाइ बिधि, नागरीक शिक्षा अध्ययन प्रतिबेदन, प्रबिधिमा आधारित शिक्षण, बिद्यालय ब्यबस्थापनका संजालीकरण, सुशासन, पारर्दिशता र जवाफदेहिता प्रवर्धन, स्कूल टिकाउ दर, सीकाइ उपलब्धि)**

कार्यक्षेत्रका ३ वटा बिद्यालयहरुमा देखिएको जातिय बिभेदको अन्त्य गर्नको लागि बालकल्ब र अभिभावकहरुको योजना अनुरुप बिद्यालयमा अनुगमन गर्दा दिवा खाजामा देखिएको जातिय बिभेदको अन्त्यका लागि बिद्यालय व्यवस्थापन र शिक्षक अभिभावक संघको बैठकको आयोजना गरिएको थियो । उक्त बैठकमा आगामि दिन यस्तो बिभेद भएमा बिद्यालय परिवारलाई नै कावार्हि हुने चेतावनी दिए पश्चात हाल उक्त बिद्यालयमा समान रुपमा बालबालिकाहरुलाई संगै राखेर खाजा दिने एउटै भाडाहरुको प्रयोग गर्ने गरेको छ । जसले गर्दा जातिय बिभेदका कारण बिद्यालय आउन नमान्ने उक्त बिद्यालयका ३४ जना बालबालिकाहरु निरन्तर बिद्यालय आउन थालेका छन । यस कार्यलाई प्रभावकारी बनाउनको लागी महिला समुह युवा संजाल तथा किशोरी समुहले नियमित रुपमा विद्यालय संग भेटघाट, विद्यार्थीहरु संग छलफल आदी गरेको थियो । यसै गरि यस अबधिमा बिद्यालयमा मनाउने सरस्वती पुजा र तिज कार्यक्रममा दलित परिवारका बालबालिकाहरु माथि अबद्र व्यवहार गर्ने शिक्षकहरुलाई युवा संजालद्धारा इलाका प्रहरी कार्यालयमा उजुरी गरिएको थियो । हाल उक्त केश फर्चुट भएको छ भने शिक्षकले कोहि बालबालिकाहरु माथि जातिय बिभेद नगरेको बिद्यार्थिहरुले बताउनु हुन्छ । उनि माथि गरेको उजुरी यस जिल्लाका कुनै पनि बिद्यालयका बालबालिकाहरुले बालबालिका माथि कुनै पनि प्रकारको अभद्र व्यवहार गर्न नहुने सिकाई पाएका छन ।

बिद्यालय सुशासन तथा प्रवर्धन तथा शैक्षिक गुणस्तर अभिबृद्धि गर्न के आई सिं गा पा ६ र ७ अन्तरगत लाटा कलारे आ बि र भुमिराज मा बि ले कक्षा १० सम्म निशुल्क शिक्षा निती अबलम्बन गरेको छ । अभिभावकहरुले शुल्क तिर्न नसक्ने गुनासो राख्दा उक्त बिद्यालयहरुले नर्सरी देखि ५ कक्षा सम्म निशुल्क अंग्रेजी माध्यमद्धारा शिक्षा दिने गरेको छ । विद्यालयमा शिक्षकहरुलाई अंग्रेजी माध्यम बाट अध्यापन गराउनको लागी प्रदेश सरकार र स्थानिय सरकारले शिक्षण अनुदान बाफत रकम सहयोग गरेको छ । जसले गर्दा विद्यालयमा शिक्षकहरुलाई तलब दिनको लागी सहयोग भएको छ । यसै गरि कार्यक्षेत्रको श्री महाकाली माध्यमिक विद्यालयले शैक्षिक वर्ष २०८० लाई सुधार वर्षको रुपमा लैजाने योजना बनाएको छ । भने यो वर्ष शिखर न पा ३ मा रहेको भवानी मा बि को दुई कोठे भवन निमार्णको लागि नगरपालिकाद्धारा ८ लाख बजेट बिनीयोजन भई कोठा निमार्ण कार्य पनि सम्पनन् भएको छ । कोठाको अभावका कारण बालबालिकाहरुलाई पढ्न असहज वातावरण भई बहु कक्षा शिक्षण संचालन गरेको अवस्थामा हाल पढाइको वातावरण सहज भएको छ ।

विद्यालयमा वाल क्लब तथा किशोरी समुहले विद्यालयमा रहेको गुनासो पेटिकामा विद्यालयमा भएका समस्याहरुको बारेमा गुनासो हाल्दा महिनौ सम्म सुनुवाई नभए पछि विभिन्न किसिमका दवाबमुलक कार्यक्रम पश्चात कार्यक्षेत्रका ३ वटा बिद्यालयहरुमा गुनासो सुनाई समिती निमार्ण गरेको छ । बिद्यालयमा आएका ५ वटा गुनासाहरुलाई सम्बोधन गर्दै माहाकाली माबि ले बिद्यालयमा सेनेटरी प्याड दिनमा फोकल पर्शनले कन्जुसाई गरेको र झर्किने गरेको हुँदा हाल गुनासो सुनुवाई समितीको सुझाव बमोजिम फोकल पर्शनले किशोरीहरुलाई राम्रो व्यवहार गर्ने र आवश्यक प्याड दिने गरेको छ । लाटाकलारे आ बि मा यस वर्ष देखि साना कक्षाहरुमा प्रोजेक्टरको माध्यमद्धारा काटुनहरु देखाउने क, ख , A,B,C सिकाउने र संस्थाद्धारा ३ वटा बिद्यालयहरुमा खेलकुदका सामाग्री सहयोग गरेको छ । जसले गर्दा बालबालिकाहरुको नियमितता बढेको छ । विद्यालयमा गरिने विभिन्न किसिमका अतिरिक्त क्रियाकलापहरु बाट समाजका विद्यमान हिंसाहरुलाई न्युनिकरण गर्न सहज भएको छ ।

कार्यक्षेत्रका ३ वटा विद्यालयमा रिमिडियल कक्षा संचालन पुर्व लिएको मुल्यांकन भन्दा रिमिडिएल कक्षा संचालन पछिको मुल्यांकनको तुलना गर्दा ९८ प्रतिशतका दरले बालबालिकाहरुको सिकाई बृद्धि भएको छ । रिमिडियल कक्षा बाट वालवालिकाहरुमा शिक्षकलाई प्रश्न सोध्ने र आफ्नो मनमा लागेको कुराहरु भन्ने बानिको विकास भएको छ । हामीले काम गर्ने विद्यालयहरुमा विभिन्न किसिमका अतिरिक्त क्रियाकलापहरु संचालन, वाल क्लवहरुलाई तालिम, शैक्षिक सामग्रीहरुको सहयोग र विद्यालयहरुमो भौतिक पुर्वाधारमा सहयोग बाट गत वर्ष भन्दा यो वर्ष सिकाई उपलब्धिमा बृद्धि भएको छ । का मगर्ने विद्यालयहरुको सिकाई यस वर्षको सिकाई उपलब्धि निम्न लिखित रहेको छ ।

| क.स. | विद्यालयको नाम | गत वर्षको सिकाई उपलब्धि | यस वर्षको सिकाई उपलब्धि |
|---|---|---|---|
| १ | श्री महेन्द्र आधारभुत विद्यालय | ५४ प्रतिशत | ५५ प्रतिशत |
| २ | श्री दुर्गा माध्यमिक विद्यालय | ५२.२६ प्रतिशत | ५७ प्रतिशत |
| ३ | श्री महाकाली मा .वि. | ६०.९ प्रतिशत | ६५ प्रतिशत |

| | | | |
|---|---|---|---|
| ४ | श्री मालिका आधारभुत विद्यालय | ५५.२५ प्रतिशत | ५५ प्रतिशत |
| ५ | श्री दुर्गा देवि. आधारभुत विद्यालय | ४८.१६ प्रतिशत | ५० प्रतिशत |
| ६ | श्री भवानी आधारभुत विद्यालय | ६२ प्रतिशत | ६३प्रतिशत |
| ७ | श्री शोभा आधारभुत विद्यालय | ५१.३९ प्रतिशत | ५२.६६ प्रतिशत |
| ८ | श्री लाटाकलारै आधारभुत विद्यालय | ७७.२ प्रतिशत | ७८ प्रतिशत |
| ९ | श्री भुमिराज माध्यमिक विद्यालय | ५६ प्रतिशत | ५६.६९ प्रतिशत |

○ **बाल सहभागिता बढाउनका लागि बालक्लव तथा युवाहरुको परिचालनका पहलबाट के कस्ता उपलब्धिहरु हासिल भए ? सो उपलब्धिहरु हासिल हुनमा हाम्रो भूमिका के कस्तो रह्यो ?**

बाल सहभागिता बढाउनका लागि बालकल्ब र युवा संजाल, स्थानिय तह, बिद्यालय, अभिभावकहरुको पहलमा समुदाय स्तरमा बिद्यार्थी भर्ना अभियान गरिएको छ । यस शैक्षिक सत्रमा बिद्यालय छोडर ८ महिना घरमा बसेका ७८ जना बालबालिकाहरु पुनः बिद्यालय भर्ना भएका छन भने ४६ जना उमेर पुगेका तर बिद्यालय भर्ना नभएका बालबालिकाहरु नयाँ भर्ना भएका छन । शिखर न पा ४ मा रहेको भवानी मा बि मा अध्यनरत बालक गोपाल सार्कि १ वर्ष पछि पुन बिद्यालय भर्ना भएका छन । परिवारको आर्थिक अवस्था कमजोर हुनुका साथै साथी भाइको लहलैमा लागेर ज्यालादारी काम गरि रहेका गोपाल अहिले बाल कल्ब र किशोरी समुहको पहलमा पुन बिद्यालयमा भर्ना भई कक्षा ६ मा पढि रहेका छन । उनको परिवारमा संस्थाद्धारा पनि बाख्रापालन  व्यवसायको लागि सहयोग गरिएको छ । यसका साथै दि सि न पा ४ का १७ जना बालबालिका लागु पदार्थ दुर्व्यसनमा संलग्न रहदै बिद्यालय छोडेका बालकहरु युवासंजालको सहयोगमा पुन बिद्यालय जान थालेका छन

बाल सहभागिता बढाउनका लागि बालकल्ब र युवा संजालको पहलमा शिखर न पा २ मुडेगाउँमा रहेको श्री  माहाकाली मा.वि. र के आई सिंह गाउपालिकामा रहेको श्री भुमिराज माध्यमिक विद्यालयले कमजोर तथा अपांगता भएका बालबालिकाहरुको लागि डेड घण्टाको कोचिङ कक्षा संचालन गरेको छ । उक्त कक्षा संचालन पछि बालबालिकाहरुको सिकाई बढ्दै गएको छ  । पढ्न सक्दैन बिद्यालय जानुको सट्टा बरु इन्डीया पठाइदेउ भन्ने कक्षा ७ का बालक रोहन बि क अहिले बिद्यालयमा निरन्तर जान थालेका छन ।  कोचिङ कक्षामा शिक्षकहरुको लगनशिलता र मेहनतले बालकहरुको क्षमता बढ्दै गएको छ । यसका साथै युवा संजालको समन्वयमा प्रत्येक शुक्रबार बिद्यालयले आयोजना गर्ने हाजिरी जवाफ, किशोरी समुहमा आबद्ध रहतृत्वकला, निबन्ध, बादविवाद जस्ता अतिरिक्त कियाकलापले बालबालिकाहरुको क्षमता बढ्दै गएको छ बालकल्ब तथा युवा संजालको पहलमा  शिखर न पा ३ मा रहेको भवानी आधारभुत बिद्यालयमा कमजोर तथा फरक क्षमता भएका बालबालिकाहरुलाई अगाडिको बेन्चमा राख्ने तथा बेन्च बदलेर राख्ने गरेको हुँदा सबै बालबालिकाहरुले सिक्ने अवशर प्राप्त गरेका छन भने बालबालिकाहरु बिच कुनै भेदभाव नहुने गरेको हुँदा सबै बालबालिकाहरुले सहज रुपमा सिक्ने अवशर प्राप्त गरेका छन । बिद्यालयमा छुट्टी नभई बिचैमा बिद्यँलय छोड्ने बिद्यार्थिहरुलाई जरिवाना लगाए पछि हाल शिखर न पा ३ भवानी मा बि का बालबालिकाहरु बिचैमा कक्षा छोडेर जाने दर घटेको छ ।




यसका साथै बिद्यालयमा बिद्यार्थीहरुको सहभागिता बढाउनको लागि यस अबधिमा सम बिकास केन्द्र डोटी द्धारा स्टेशनरी र झोलाहरु सहयोग गरिएको थियो जसले गर्दा पारिवारीक अवस्था कमजोर रहेका ३५ घरधुरीका बालबालिकाहरु निरन्तर बिद्यालय जाने गरेका छन ।
बिद्यालय तथा किशोरी समुह, महिला समुहको बैठकमा छाउपडि प्रथाका बारेमा गरिएको सहजिकरण पश्चात ६ दिन सम्म बिद्यालय नजाने श्री दुर्गा माध्यमिक बिद्यालय र भवानी आधारभुत बिद्यालयका कक्षा ७ भन्दा माथिका सबै किशोरी तथा बालिकाहरु महिनावारी भएको समयमा बिद्यालय जाने गरेका छन भने उक्त किशोरीहरुले बिद्यालयमा हप्तामा एक पटक सबै कक्षाहरुमा गएर महिनावारीको बारेमा जानकारी दिने र छाउँपडि प्रथा न्युनिकरणमा

बालबालिकाहरुले गर्न सक्ने पहल तथा कानुनी सचृतनाका कुराहरु सिकाउने गर्दछन । हाल उक्त किशोरीहरु युवा संजाल तथा किशोरी समुहमा आबद्ध रहेका छन ।

दि सि न पा वडा नं ५ मा रहेको महेन्द्र आधारभुत बिद्यालयको खेल मैदान खतरापुर्ण रहेको हुँदा शिक्षक अभिभावक संघ र बि व्य सको सहयोगमा बिद्यालय घेरबार र पर्खालको लागि ५ लाख बजेट बिनियोजन भएको छ भने के आई सिं गा पा ७ मा रहेको लाटाकलारे आ बि को भौतिक पुर्वाधार मर्मतको लागि अनुदान उपलब्ध गराउन वडा, पालिका र सामाजिक बिकास कार्यालयल राजपुरमा डेलि गेसन दिए पश्चात शिक्षक अनुदान १० लाख र भौतिक पुर्वाधारको लागि ५ लाख बजेट बिनियोजन गर्दा उक्त बिद्यालयको शैक्षिक स्तरमा सुधार हुदै आएको छ । यसै गरि शिखर न पा ३ मा रहेको भवानी माबि मा नगरपालिकाद्धारा २ कोटे भवन निमार्ण गर्दा बालबालिकाहरुले सहजरुपमा सक्ने वातावरण प्राप्त गरेका छन ।

○ **न्यायोचित कर तथा सार्बजनिक शिक्षामा लगानी बढाउंन तथा शिक्षामा नीतिगत सुधारका लागि भएका पहलहरुबाट के कस्ता उपलब्धिहरु हासिल भए ? सो उपलब्धिहरु हासिल हुनमा हाम्रो भूमिका के कस्तो रह्यो ?**

यस अबधिमा सार्वजनिक शिक्षामा लगानी बढाउनको लागि संस्थाद्धारा कार्यक्षेत्रका ३ वटै पालिकाहरुमा शिक्षा क्षेत्रको गुस्तर बढाउन अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको थियो । जसले गर्दा बिगतका वर्षहरु भन्दा यो अबधिमा नगरपालिकाहरुले बिदँलयको भौतिक निर्माण तथा आवश्यक पाठ्यपुस्तक र जेहेन्दार बिद्यार्थिहरुलाई छात्र बृति बढाएको छ । जसले गर्दा सार्वजनिक बिद्यालयहरुमा बालबालिका जाने दर बढ्न थालेको छ ।

○ **माथि उल्लेखित क्षेत्र बाहेक यस बर्ष हाम्रो पहलहरु के कस्ता रहे?**

यस अवधिमा कार्यक्षेत्र दिपायल सिलगढी नगरपालिका ५,८ र शिखर नगरपालिकाको वडा नं. १ कपल्लेकी, वडा नं. २ मुडेगाउ र वडा नं. ३ र ४ मुडभरालाई साक्षर वडाको रुपमा घोषणा गरेको छ । शिखर नगरपालिकाले साक्षर वडा घोषणा गर्नु पुर्व समूदायमा यसको बारेमा सर्वे गरेको थियो । सबै भन्दा वढि साक्षरको रुपमा हामीले का मगर्ने समुदायका महिलाहरु रहेका थिए ।

- प्राथमिकता नं २ अन्तर्गत २०२३ मा गरिएका भौतिक निर्माण सम्बन्धि पहलहरु

| **क्रियाकलाप** | **स्थान** | **लाभान्वित संख्या** | **आर्थिक सहयोग** | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | PNGO/AAN | Community | Palika | Other.... | Total |
| गरिव तथा जेहेन्दार वालवालिकाहरुलाई छात्रवृति सहयोग | कार्यक्षेत्र सबै | ३५ | | | | | |
| विद्यालयहरुमा शैक्षिक सामग्रीहरु सहयोग | कार्यक्षेत्र सबै | १२ वटा विद्यालय | ९४,४६०। | | | | ९४,४६०। |
| वालिकामैत्रि शौचालय सनर्माणको लागी सहयोग | के आई सिंह गा.पा. ६ | १ वटा विद्यालय भुमिराज मा.वि. | २००,०००। | | | | २००,०००। |

**प्राथमिकता नं २ अन्तर्गतका कार्यक्रमहरु संचालन गर्दा के कस्ता चुनौतिहरुको सामना गर्नु पर्‍यो ?**

- सानै उमेरका बालबालिकाहरु लागुपदार्थ दुर्व्यसनीमा संलग्नभई घरमा चोरी गर्ने र बिद्यालय छोड्ने समस्या रहदा लक्षित वर्गका बालबालिकाहरु कार्यक्रममा नसमेटिनु
- आमा बुवा सहित बालबालिकाहरु पनि बसाई सराई गरेर जाने प्रबृतीले बालबालिकाहरुलाई सचेतनामुलक गतिबिधिहरुमा संलग्न गराउन नसकिनु

**यी परिवर्तन बाट हाम्रा प्रमुख सिकाईहरू के कस्ता थिए र कसरी?**

- विद्यालयमा बालबालिकाहरुको उपस्थिती कम हुनुका बास्तबिक कारणहरु पत्ता लगाई अभिभावक तथा बालकल्बको सहभागितामा अभियान संचालन गर्दा प्रभावकारी हुने
- प्रहरी कार्यालयसंगको साझेदारीमा बालकल्ब तथा किशोरी समुहलाई अभियानमा संलग्न गराउदा लागु पदार्थ दुर्व्यसन र बालबिवाहमा कमि ल्याउन सकिने

**समूदायका सरोकारवाला वा लक्षित वर्गबाट प्राथमिकता नं २ अन्तर्गत व्यक्त गरिएका भनाईहरु (Anecdotes) उल्लेख गर्ने जसले हामीले गरेको काम तथा सोको प्रभावलाई थप प्रष्ट गर्न सहयोग गर्छ । प्रत्येक भनाई उल्लेख गर्दा सो कुरा व्याक्त गर्ने व्यक्तिको नाम, समूह, ठेगाना आदि पनि उल्लेख गर्ने ।**

"म कक्षा ५ मा पढ्छु मलाई अहिले १० वर्ष भयो । म कक्षा ४ मा पढ्दा देखि नै चुरोट खान थाले । मलाई चुरोट नभई नहुने भयो । दिनमा ३ पटक चुरोट नपाए पछि म पागल जस्तै हुन थाले । एउटा चुरोट किन्न पनि १० रुपैया पर्दथ्यो । घरबाट खाजा खानको लागि एक रुपैया पाइदैन थियो बरु आमाले रोटी बनाई दिने गर्दथिन । मैले चुरोट खानको लागि घरबाट पैसा चोर्न थाले घरमा आमाले थाहा पाए पछि मलाई बेसरी पिट्नु भयो र हाम्रो गाउँमा बालकल्ब, महिला समुह, प्रहरी आएर मलाई जेल जाने कुरा सुनाउदै यस्तो गरे भविष्य बिग्रने बताउनु भयो । पछि हाम्रो गाउँमा वडा कार्यालयद्धारा खेल्कुदका सामाग्रीहरु सहयोग गरे अहिले म जस्तै लागुपदार्थ दुर्व्यसनीमा संलग्न १६ जना साथीहरु यो लत छोडेर पढ्ने, खेल खेल्ने, गाउँमा हुने कार्यक्रममा जाने गर्दछौ ।"

राजेश वि.क.
दिपायल सिलगढी नगरपालिका वडा नं. ४

**घट्ना अध्ययन कम्तीमा २ वटा (घटना अध्ययन बनाउंदा सकेसम्म समूदायमा ठूलो प्रभाव देखिने खालको घटना उल्लेख गर्ने तथा घट्ना अध्ययनहरुको सहमति वा Consentअनिवार्य रुपमा संलग्न गर्ने)**

## विद्यालय छोडेकी सुन्तली पुन : विद्यालय जान थालीन

सुन्तली नाथ योगी एक निम्न परिवारकी हुन उनको परिवारको आर्थिक अवस्था निकै कमजोर थियो । गरिव , अशिक्षा र अज्ञानता परिवारका कारण विद्यालय जाने मन हुँदाहुदैं पनि सुन्तली विद्यालय जान नसक्ने अवस्थामा थिईन् । पुस्तौ देखि के.आई.सिंह गाँउपालिका वडा नं. ७ जोगिमठमा बसोवास गर्दै आएका बुवा प्रेम नाथ योगी र आमा मैना नाथ योगी माईली छोरी सुन्तली नाथ योगीका पविारमा २ भाई , १ वहिनी , १ दिदि हजुर आमा, हजुर वुवा र बुवा आमा गरि ९ जनाको परिवार रहेको छ । बुवा कामको खोजीमा भारत गएको करिव १० वर्ष भयो भने हाम्रो परिवार ठुलो भएकाले वुवाको कमाइले मात्र घर चलाउन गाह्रो हुन थाले पछि आमा पनि कही काम गर्न सकिन्छ भनि वुवा संग भारत जानु भयो । घरमा दिदि,भाई, वहिनी र आमा, हजुर वुवा मात्र रहेका थिए । सुन्तली र उनका भाई वहिनी श्री भूमिराजमाण्डौ माध्यमिक विद्यालयमा पढ्ने गरेका थिए ।




जव उनकी दिदि लक्ष्मी नाथ योगी कक्षा ९ मा पढ्दै गर्दा १७ वर्षको उमेरमा भागि विवाह गरेर गए पछि उनका परिवारमा घरको काम गर्ने कोही नभएका सुन्तली घरको काम र भाई वहिनी हेरचाह गर्ने काममा व्यस्त भई र भरमा आर्थिक अभावका कारण भाई वहिनी र आफ्नो पढाई खर्चका लागि आमा वुवालाई गाह्रो भएकाले पढ्ने इच्छा हुदा हुदै पनि वाध्यताले कक्षा ९ मा पढिरहेकी सुन्तली विद्यालय नजाने र घरको काम गर्ने गरिरहेकी थिइन । यसै समयमा विद्यालय र सम विकास केन्द्र नेपालको सहयोगमा सुन्तलीलाई विद्यालय पोसाक, स्टेशनरी सहयोग गरियो भने वालक्लवको सहयोगमा सुन्तलीलाई पुर्न विद्यालय ल्याइएको थियो । सुन्तली एक राम्रो विद्यार्थी भएकाले विद्यालयमा रहेको वालक्लवमा सदस्य पदमा आवद्ध भई र आफ्नो पढाईलाई निरन्तरताका साथै भाई वहिनी पनि निरन्तर विद्यालय आएका छन् । सुन्तली भन्छिन् : जव मेरो घरको आर्थिक अवस्था कमजोर भएकाले मेरो पढ्ने इच्छा हुदा हुदै पनि

विद्यालय नजाने अवस्था भएको वेला मलाई संस्थाको सहयोगमा म पुर्न विद्यालयमा जान पाएको छु । म अहिले विद्यालयमा रहेको वालक्लवको सदस्यमा पनि आवद्ध भए ।

वालक्लवमा आवद्ध भएपछि मेरो जिवनमा परिवर्तन आयो । म विद्यालयमा संचालन हुने अतिरिक्त भाग लिन थाले र म



विद्यालयमा वालक्लवको पुर्न गठन भयो र म वालब्लवको सचिव पदमा छनौट भए । वालक्लवको योजना निर्माण गरियो । वाल क्लवको योजना अनुसार विद्यालय वाहिर रहेका वालवालिका विदालयमा आउन थालेको छु । भने विालक्लवले गर्ने विभिन्न कार्यक्रमहरुले विदालय नियमित नआउने वालवालिकाहरु नियमित विद्यालय आउने र विचैमा विद्यालय छोड्ने म जस्ता वालवालिका तथा भाई वहिनीहरुलाई अभियान संचालन गरि पुर्न विद्यालय ल्याउने गरिरहेको छु । जव सम विकास केन्द्रले वाल कलवलाई नियमित बैठक गरि, विभिन्न कार्यक्रममा सहभागिता गराई वाल क्लवको क्षमता अभिवृद्धि गरि जनचेतना मुलक कार्य गरि विद्यालयलाई सहयोग गरिएको छ । म अहिले समुदायमा हुने वाल विवाह, छाउपडी प्रथा विरुद्धका अभियानमा संलग्न हुने गरेको छु । समुदायमा हुने वाल विवाहलाई रोक्नका लागि अभियानमा लागिरहेको छु र समुदायमा हुने विभेद, विद्यालय छोडेका वालवालिकाहरुलाई विद्यालयमा ल्याउने कार्यमा निरन्तर अभियान संचालन गर्ने यो लक्ष्य रहेको छ ।

## कैलाश बने नगर स्तरिय वाल क्लबको उपाध्यक्ष

मेरो नाम कैलाश पार्कि हो । दि.सि.न.पा ५ वागठाटामा वस्छु । म कक्षा ८ मा पढ्छु । मेरो घरमा आमा, २ वटा बहिनीहरु र म गरि जम्मा ४ जनाको परिवार छ । म अहिले १२ वर्षको भए । जब म ६ वर्षको थिए त्यति बेला भारतमा काम गर्न बेला बुवाको मृत्यु भएको हो । हामि सबै परिवार भारतको आन्द्रा प्रदेशमा बस्थे । बुवाले दिन भरि नोकरी गरेर पैसा खाने कुरा ल्याउनु हुन्थ्यो भने आमाले घरमा बहिनीहरुको हेरचाह गर्ने खाना पकाउने काम गर्नु हुन्थ्यो । म बिद्यालय जान सकेको थिए । यसै कममा अचानक बिरामि परेर बुवाको मृत्यु भयो । हामी निकै बिचल्लीमा पऱ्यौ । बुवा जानुको पिडा संगै हामिलाई के खुवाउने भन्ने पिरले आमा रात दिन रोइरहनु हुन्थ्यो । त्यो कुरा मलाई अलि अलि याद आउछ । बुवाको अनुहार कस्तो थियो खासै याद हुदैन तर आमाले चिचाई, चिचाई राएको मलाई अझै सम्झना छ । हाम्रो अवस्था दिनको दिन खस्कदै गए पछि मामाहरुले हामि सबैलाई नेपाल पुऱ्याई दिनु भएको हो रे । मामाले हामि सबैलाई घर पुऱ्याउदा हामिसंग पुरानो बाझो घर सिवाए केहि थिएन । छिमेकि बजैले चामल, दाल, नुन र कोदो दिएको पनि मलाई याद छ । केहि दिन हामिले त्यहि



खाने कुरा खायौ । नेपाल आएको १ महिना पछि आमा गाउँमा रहेको रिफ्लेक्ट सर्कलमा सदस्य बन्नु भयो । हप्ताको एक पटक शनिबारको दिन आमा समुहको बैठकमा जानु हुन्थ्यो । घरमा आएर साझ हामिलाई बैठकमा हुने कुराहरु सुनाउनु हुन्थ्यो । हामि जस्ता दलित र बिपन्न परिवारका मान्छेको हितको लागि यो समुह बनेको आमाले जानकारी दिनु हून्थ्यो ।

एक दिन समुहका सबै आमा, काकि र भाउजुहरु वडा कार्यालयमा गएर गाउँ नजिकै रहेको स्वास्थ्य चौकिमा सरसफाईको लागि एक जना कर्मचारी आवश्यक रहेको माग राख्दै मेरो आमालाई त्यहा काममा राखि दिनको आग्रह गरेका थिए । केहि दिन पछि आमा उक्त स्वास्थ्य चौकिमा नियमित रुपमा काम गर्न जान थाल्नु भयो । हाम्रो अवस्थामा पहिलेको भन्दा केहि सुधार हुदै गयो । म र बहिनी बिद्यालय जान थाले । बिद्यालयमा पनि पढाइको वातावरण राम्रो बनाउन समुहद्धारा बैठक हुने गर्दथ्यो । हाम्रो बिद्यालयमा पनि १३ जनाको बालकल्ब थियो उक्त बालकल्बले शुक्रबारको दिन हाजिरी जवाफ, बक्तृत्वकला निबन्ध लेखन, नाटक पर्दशन जस्ता कार्यहरु गर्ने गर्दथे । म पनि ठुलो हुदै गए । मलाई पनि उक्त समुहमा बस्न मन थियो । बिद्यार्थिहरु कक्षा ८ पास गरि सके पछि गाउँ भन्दा बाहिरको बिद्यालयमा जान थाले

र उक्त कल्बको पुर्नरगठन भयो । म बालकल्बको उपाध्यक्ष भने मैले अध्यक्ष नभएको बेला पनि धेरै कामहरु गर्ने , बिद्यालयमा जातिय बिभेद भएको खण्डमा बोल्ने, शिक्षकहरुसंग यस बिषयमा कुराहरु गर्ने र हरेक शुक्रबारको दिन बिद्यालयमा अतिरिक्त क्रियाकलापहरु गर्ने गर्दथे । म बालकल्बको हरेक बैठकमा नियमित जाने गर्दछु । मेरो यो सक्रियता देखेर दिपायल सिलगढि नगरपालिकाद्धारा गठन गरिएको नगर स्तरिय बालकल्बमा पनि म उपाध्यक्ष पदमा चयन भएको छु ।

हाम्रो समाजमा हुने सबै प्रकारका बिभेद जस्तै जातिय बिभेद, छाउपडि प्रथा, महिला हिंसाबिरुद्ध म र मेरो समुहले आवाज उठाउने गरेका छौ । हाल बिश्व भरि नै समस्याको रुपमा रहेको जलवायु परिवर्तन बारे पनि म र मेरो सुमहले अभियान गर्ने गरेका छौ । पृथ्वीलाई स्वच्छ राख्नको लागि प्लाष्टिक जन्य सामाग्रीको प्रयोग नगर्ने र आफ्नो वरपर बोटबिरुवा रोप्ने बारे जानकारी दिने गरेका छौ । यो वर्ष मात्र हामिले बिद्यालय वरपर र सामुदायिक बनमा ३५० वटा बिरुवाहरु रोपेका छौ । वातावरण बचाउने दायित्व हाम्रो हो भन्ने कुरा मैले मेरो समुहबाटट पाएको छु र सबैलाई यहि जानकारी दिने गरेको छु । यस वर्ष हाम्रो वडाका ९ जना बालबालिकाहरु बालश्रम मुक्त भएका छन । घरको आर्थिक अवस्था कमजोर भएका कारण साहुको घरमा काम गरिरहेका ९ जना १४ वर्ष मुनिका बालबालिकाहरुलाई बालकल्बको अभियानले श्रमबाट मुक्त हुन सहयोग गरेको छ । एक महिना सम्म वडा, नगरपालिका, प्रहरी कार्यालय, पत्रकारहरु र बालबालिकाहरु काम गर्ने घर तथा उहाहरुको अभिभावकहरुसंग गरेको लामो प्रयास पश्चात उक्त बालबालिकाहरुलाई बाल श्रमबाट मुक्त गरिएको हो । हाल हाम्रो दि सि न पा वडा नं ५ बालश्रम मुक्त वडा भएको छ भने ति बालबालिकाहरु आफ्नै घरमा बसेर बिद्यालयमा गएर अध्यन गरि रहेका छन । बालश्रममा रहेका बालबालिकाहरुको आर्थिक अवस्था कम्जोर गरेका कारण उनिहरुका अभिभावकहरुलाई बाखापालन, कुखुरापालन गर्नको लागि नगरपालिका, सम्बन्धित वडा र सम बिकास केन्द्रद्धारा आर्थिक सहयोग गरिएको छ भने बालबालिकाहरुलाई कापि कलम र ड्रेस किन्नमा नगरपालिकाले सहयोग गरेका छन । यसरी नै म समुदायको विभेद विरुद्धको अभियानमा निरन्तर लाग्ने छु ।

- **प्राथमिकता नं २ को बजेट विवरण (जनवरी देखि जुनसम्म)**

| स्विकृत बजेट | कुल खर्च | खर्च प्रतिशत |
|---|---|---|
| १५,१९,१३१। | | |

- **परिवेश विश्लेषण गर्ने (हाम्रो प्राथमिकता र कामसंग सम्बन्धीत मात्र)**

साना खाले व्यवसायमा आबद्ध महिलाहरुहरुले माषिक ५ हजार देखि ३२ हजार सम्म आम्दानी गर्दा उहाहरुलाई घर खर्च चलाउन र बालबालिकाहरुको स्वास्थ्य तथा शिक्षा क्षेत्रमा आवश्यक खर्च गर्न सहयोग पुगेको भएता पनि अधिकांश डोटी जिल्लाको नै आर्थिक स्थिती खस्कदो अवस्थामा रहेको छ । जसले गर्दा जिल्लामा बसेर परिवारको आर्थिक भार धान्न नसकिने भए पछि यस जिल्लाका अधिकांश पुरुषहरु भारत तथा बाहिरी देशमा जानको लागि बाध्य भईरहेका छन । जिल्लाका अन्य पालिकाहरुको तुलना कार्यक्षेत्रका ३ वटा पालिकाका अधिकाशं महिला पुरुषहरु सानाखाले व्यवसायमा आबद्ध रहने गरेको हुदाँ उहाहरुको जनजीवनमा सहज बनेको छ । पालिकाहरुद्धारा हुने बिकासे योजनाका कामहरुका साथै स्थानियहरुले हिउँदे सिजनमा घर बनाउने भएको हुँदा श्रमिकहरुले सहजै कामहरु पाउने गरेका छन । यस समयमा किसानहरुले भट्मास, बेथे, गहत जस्तत दलहन बालि र काउँली, बेसार, अदुवा, बन्दा, मुला, पालुङ्गो, भाजि, सुन्तला बिकी गर्ने गरेका छन जसले गर्दा उहाहरुको आर्थिक समस्या टरेको छ । कार्यक्षेत्रका २ वटा पालिकाहरुमा पशुसेवा कार्यालयद्धारा ११ जना एकल महिलाहरुले गाईपालन व्यवसाय संचालन गर्न अनुदान प्राप्त गरेका छन । हाल उनिहरुले डेरीमा गाईको दुध बिकि गरि परिवारको पेट पालिरहेका छन । साथै समुदायमा महिलाहरु कामको सिलसिलामा भारत जाने गरेको हुदा व्यवसायमा महिलाहरुको चाँसो घट्दै गएको पाईएको छ ।

## प्राथमिकता नं ३:उत्थानशिल जीविकोपार्जनका लागि दीगो आर्थिक विकल्पको प्रवर्धन ।

○ **दिगो कृषिका लागि भएका बिकल्प निर्माण तथा कृषि तथा गैर कृषिमा आधारित आर्थिक तथा जिविकोपार्जनका क्रियाकलापहरुले भूमिहिन, साना किसान, युवा तथा महिलाको दिगो जीविको पार्जनमा के कस्ता उपलब्धिहरु हासिल भए ? सो उपलब्धिहरु हासिल हुनमा हाम्रो भूमिका के कस्तो रहयो ? (कृषि तथा गैर कृषि कृयाकलापमा आधारित उद्यमशिलता, बजारीकरणको प्रर्बद्धन तथा मूल्य श्रृंखला,समाबेशि उद्यमशिलता, पारिवारिक आय आदि) ।**

समुहका ६०७ जना महिला किसानहरु आयआर्जन हुने व्यवसायमा संलग्न भई राम्रो आम्दानी गर्न थालेका छन । जस मध्ये यस अबधिमा ११ जना (अघिल्लोवर्ष २२ जना) आफ्नै देशमा थोरै लगानीमा पनि राम्रो आम्दानी गर्न थाले पछि भारतमा काम गरि रहेका पुरुषहरुलाई घर बोलाई व्यवसायमा संलग्न गराउन सफल भएका छन । पुरुषहरु घरमा आए पश्चात व्यवसायबाट आम्दानी हुने मात्र होइन घरायसि काममा सहयोग हुने र दुःख बिरामि हुँदा साहारा मिलेको कुरा गाह्रो अफ्टेरोमा सहयोग पुग्ने दि सि न पा ७ कि धना बिष्टले बताउछिन । साथै व्यवसाय संचालनको लागी व्यवसाय सम्बन्धि क्षमता विकास पनि गरिएको छ । भारतमा काम गर्दा सबैले हेला गर्ने, अरुको दबाबमा रहेर दिन भरि काम गर्दा पनि घरखर्च चलाउने तलब नपाइने तर आफ्नै गाउँमा काम गर्दा थोरै आम्दानी भए पनि घर खर्च धान्न मजाले पुगि रहेको र सम्मानका साथ गाउँमा परिवारसंग रहेको धारणा पुरषहरुको छ । महिलाहरुलाई व्यवसायमा संलग्न गराउनको लागी व्यक्तिगत रुपमा टोकन सहयोग र घुम्तिकोष परिचालन गरिएको छ । (महिलाहरुलाई व्यवसाय संचालनमा अग्रसर गराउनको लागी र विदेशमा रहेका उनीहरुका श्रीमानहरुलाई घरमै बसेर जोगारी सिर्जना गराउनको लागी व्यवसाय गर्न आर्थिक सहयोग गरिएको छ । समुहको निर्णय र वडा कार्यालयको समन्वय र सिफारिसमा सहयोग गर्ने परिएको छ ।)



सानाखाले व्यवसायमा आबद्ध भएका ६०७ जना महिलाहरुले माषिक ५ देखि ३२ हजार आम्दानी गरिरहेका छन र आम्दानी गरेको रकमले बालबच्चाहरुको पढाइ खर्च, उपचार खर्च, चाड पर्व खर्च हुनुका साथै माषिक ४ हजार (अघिल्लो वर्ष २ हजार) बैंकमा बचत गर्ने गरेका छन । दि सि न पा ५ घर भएकि ठगुली बिष्टले सन २०२२ मा संस्थाबाट कुखरापालन व्यवसायको लागि सहयोग प्राप्त गरेकि थिइन उनले हाल कुखुरापालन व्यवसायबाट राम्रो आम्दानी गरे पछि बुहारीलाई उच्च शिक्षा पढाई रहेकि छिन । उनि जस्तै समुहकि सदस्य तारा बिष्टले छोरालाई बिदेशमा उच्च शिक्षा पढाउन लागेको ऋण तिर्न नसकेर आत्महत्याको बाटो रोजेकि उनले समुहको सहयोगमा जर्सि गाई पालन गरी माषिक २५ हजारको दुध बिकि गर्ने गरेकि छिन । गाईको दुध बिकि गरेर यो वर्ष ताराले २ लाख ६२ हजार लघुबित्तको ऋण तिरेकि छिन ।

आम्दानीका स्रोतहरु बढे पश्चात महिलाहरुको आत्मनिर्भरता, स्वतन्त्रता बढनुका साथै आर्थिक कारोवारोमा समेत उनिहरुको नियन्त्रण बृद्धि हुदै गएको छ । घरमा आम्दानीका स्रोतहरु खुले संगै समुहका महिलाहरु माथि हुने हिंसाका घटनाहरुमा केहि हद सम्म कमि आएको पाइन्छ  जसको उदाहरण हुन के आई सिं गा पा ७ कि ज्योती तिरुवा हातमा सिप र पैसा नहुदा घरपरिवारमा श्रीमान, सासु ससुरा सबै जनाले हेला गर्ने, माइतीलाई समेत छोएर गालि गर्ने, बच्चाहरुको उपचारको लागि पैसा माग्दा पनि माइतीको घरबाट ल्याउने हो भन्ने जस्ता तनाव दिएको अवस्थमा ज्योतीले समुहको सहयोगमा टोकन सहयोग प्राप्त गरिन बंगुर पालन व्यवसाय सुरु गरिन बंगुबाट राम्रो आम्दानी भए पछि उनले ५ महिना मै लगानी सहित रु ७८ हजार आम्दानी गरिन हाल उनले किराना पसल पनि राखेकि छन । आम्दानी राम्रो हुन थाले पछि हाल परिवारले उनलाई माया र सम्मान गर्न थालेका छन । यसका साथै श्रीमानको मृत्यु पश्चात छोरा छोरी हुर्काउन गाह्रो भएको अवस्थामा के आई सिं गा पा ६ कि गीता कोली र दि सि न पा ५ कमला नेपाली र दि सि न पा ४ कि धनसरा आउजि जस्तै समुहका ३२ जना एकल महिलाहरुले कुखुरापालखन, बाखापालन, किराना पसल व्यवसायबाट आम्दानी गर्न थाले पछि छोरा छोरीहरुलाई उच्च शिक्षा पढाई रहेकि छिन । कमला भन्छिन "१२ वर्ष अगाडि श्रीमानको मृत्यु भएको हो ४ वटा छोरा छोरी थिए मलाई घर खर्च चलायन पनि समस्या भएको थियो । युवा अवस्थामा नै श्रीमान विते पश्चात



मलाई समाजले पनि हेर्ने दृष्टिकोण फरक भएको थियो लेवरी का मगर्न जाँदा पनि समाजले अव त यो पोईल जान्छे भनेर कुरा काट्ने र कलाई छोरा छोरी पाल्न निकै समस्या रहेको थियो । अहिले संस्था बाट सहयोग पाउदा बाखा पालन गरेकी छु आम्दानी पनि भएको छ । समाजमा कसैको डर पनि छैन जिवन जिउनको लागी सहज भएको छ ।

समुहका महिलाहरुले व्यवसायबाट राम्रो आम्दानी हुन थाले पछि हाल समुहलाई पालिका तथा घरेलुमा दर्ता गर्ने गरेका छन । यस अबधिमा कार्यक्षेत्रका ३ वटा समुह पालिकामा दर्ता हुदा पालिकाले ८ जानलाई सिचाई पोखरी, १० जनाले फलामे टर्णेल, ६ जनाले कुखुरापालन, १ जनाले माछापालन र १०२ जनाले तरकारीका बिउँहरु अनुदान पाई स्वरोजगार भएका छन ।

- **महिला, कृषक तथा उद्यमीहरुको आर्थिक समुन्नतीका लागि लैंगिकमैत्रि बजार प्रवर्धन सम्बन्धि क्रियाकलापहरुबाट के कस्ता उपलब्धिहरु हासिल भए ? सो उपलब्धिहरु हासिल हुनमा हाम्रो भूमिका के कस्तो रह्यो ?**

के आई सिंह गाउपालिका र सम विकास केन्द्र नेपाल, डोटीको सहकार्यमा महिलामैत्रि बजारको अवधारणा ल्याईएको छ । उक्त महिलामैत्रि बजार बाट महिलाहरुले आफुले उत्पादन गरेका तरकारीहरु सहज रुपमा विक्रि वितरण गर्न थालेका छन । साथै बजारमा आउने अन्य महिलाहरुलाई पनि शौचालय प्रयोग गर्न सहज भएको छ ।



महिलाहरुलाई व्यवसायमा आबद्ध गराई उनिहरुको आर्थिक सशक्तिकरण सुधार गर्नुका साथै महिला तथा पुरुषहरुले गर्ने भनि छुटाएका कामहरुको सोचमा परिवर्तन ल्याउनको लागि दि सि न पा शिखर न पा का ७ जना महिलाहरुलाई अटो चालकको १ महिने तालिम दिईएको थियो । हाल उहाहरु ७ जना मध्ये ३ जनाले माषिक २० हजार तिरेर अटो भाडामा लिएका छन भने माषिक २० हजार तिरे पश्चात १० देखि २५ हजार आफुलाई बच्ने उहाहरुको भनाई छ । आफु महिला भएको हुँदा अधिकांश महिलाहरु आफ्नो अटोमा बस्न रुचाउने उनिहरुको भनाई रहेको छ । पहिलेको जस्तो दिनभरी घाममा बसेर न्युन ज्यालादारीको काम गर्ने बाध्यता उहाहरुको रहेन । उहाहरु सबैको लागि प्रेरणा र हौसलाको रुपमा स्थापित रहेका छन । दिपायल सिलगढी नगरपालिकाद्बारा यस वर्ष थप १० जना महिलाहरुलाई अटो सिकाउने योजना पनि रहेको छ । महिलाहरुलाई अटो व्यवसायबाट बजारमा दिगो रुपमा स्थापित गर्नको लागी स्थानिय तहले यस लाई प्राथमिकताको क्षेत्रको रुपमा लिएको छ । पालिकामा अटो संचालनको लागी दिनु पर्ने रु ५० हजार सडक करलाई महिलाले संचालन गरेको अटोमा छुट दिईएको छ भने यस वर्ष शिखर न पा र दि सि न पा ले २ वटा खरिदको लागि ४ लाख बजेट बिनियोजन गरेको छ ।

- **वातावरणमैत्री दीगो खेतिपाती सम्बन्धि हामीले गरेका क्रियाकलापहरुबाट के कस्ता उपलब्धिहरु हासिल भए ? सो उपलब्धिहरु हासिल हुनमा हाम्रो भूमिका के कस्तो रह्यो ?**

वातावरण मैत्रि दीगो कृषि तथा खेतिपातीलाई प्रबर्द्धन गर्नको लागि के आई सिं गा पा मा तयार पारिएको अर्गानिक तरकारी खेतिको रणनैतिक योजना तथा कार्यबिधिले के आई सिं गा पा लाई वातावरण मैत्रि बनाउनमा मदत पुगेको छ । यस अबधिमा संस्थाद्बारा ९ वटा कृषक समुहमा अर्गानिक तरकारी खेति सम्बन्धि कृषक पाठशाला संचालन गर्नुका साथै पालिकाद्बारा अर्गानिक मैत्रि पालिका बनाउन ३ लाख बजेट बिनीयोजन गरिएको थियो भने संस्थाद्बारा पनि आवश्यक कृषि सामाग्रीहरु सहयोग गरिएको थियो । जसको फलस्वरुप यस वर्ष के आई सिं गा पा ले क्षेत्रिय कृषि निर्देशनालयबाट अर्गानिक मैत्रि पालिका हुदै गएकोमा गा पा र ५ जना कृषकहरुलाई पुरस्कार तथा सम्मान प्राप्त गरेको छ । यस वर्ष तरकारी खेतिमा आबद्ध ५१ जना कृषकहरुले पालिकाद्बारा ५० के जि को दरले आलुको बिउँ र गोठेमल पर्बद्धनको लागि १५० जना कृषकहरुलाई कम्पोष्ट पिट र भ्कोलमोल जैबिक बिषादीको लागि तालिम दिएको छ । यसका साथै पालिकामा हुने कृषिका हरेक कार्यक्रमहरुमा अर्गानिक उत्पादनको बारेमा जानकारी दिने गरेको छ ।

- **माथि उल्लेखित क्षेत्र बाहेक यस अवधिमा हाम्रो पहलहरु के कस्ता रहे?**

- प्राथमिकता नं ३ अन्तर्गत २०२३ मा गरिएकाभौतिक निर्माण सम्बन्धि पहलहरु

| क्रियाकलाप | स्थान | लाभान्वित संख्या | आर्थिक सहयोग | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | PNGO/AAN | Community | Palika | Other.... | Total |
| कृषि सामग्री तथा विउ सहयोग | कार्यक्षेत्र सबै | १५० | २०३,९००। | | | | २०३,९००। |

**प्राथमिकता नं ३ अन्तर्गतका कार्यक्रमहरु संचालन गर्दा के कस्ता चुनौतिहरुको सामना गर्नु पऱ्यो ?**

- तरकारी खेतिमा आबद्ध व्यसायिक महिलाहरुले उत्पादित बस्तुहरुको उचित मुल्य नपाउदा व्यवसाय प्रतिको रुचि घट्दै जानु
- जिल्लामा बसाई सराई गर्ने दर बढ्दै जादा व्यापारले सोचे जस्तो आम्दानी नभए पछि धेरै जसो मान्छे बिदेश पलाएन हुनु

**यी परिवर्तन बाट हाम्रा प्रमुख सिकाईहरू के कस्ता थिए र कसरी?**

- स्थानिय तहहरुद्धारा घुम्तिकोषमा बजेट बिनियोजन गर्नमा पहल गर्ने अथवा समुहलाई सक्रिय बनाउने
- स्थानिय तह तथा स्थानिय बजार संग सहकार्य गरि बजार व्यवस्थापनमा जोड दिने

**समुदायका सरोकारवाला वा लक्षित वर्गबाट प्राथमिकता नं ३ अन्तर्गत व्यक्त गरिएका भनाईहरु (Anecdotes) उल्लेख गर्ने जसले हामीले गरेको काम तथा सोको प्रभावलाई थप प्रष्ट गर्न सहयोग गर्छ। प्रत्येक भनाई उल्लेख गर्दा सो कुरा व्याक्त गर्ने व्यक्तिको नाम, समूह, ठेगाना आदि पनि उल्लेख गर्ने।**

दि सि न पा ४ कि धनसरा आउजी भन्छिन "जब मेरो कान्छो छोरा ५ वर्षको थियो उसको बाबालाई एक्कासि पेट दुख्न थाल्यो पेट दुख्यो भनेको २४ घण्टा नहुदै उनले संसार बाट बिदा लिए । म त्यति बेला ४ वटा छोरा र श्रीमान संग भारतको आन्द्रा भन्ने प्रदेशमा थिए । श्रीमानको मृत्यु पश्चात नाबलक छोराहरुलाई ल्याएर म गाउँ फर्किए । गाउँमा भत्केका घरका बान्नाहरु मात्र थिए । माइती घरमा आमाको साहारा पनि कोहि नभएको हुदा म छोराहरुलाई बोकेर नजिकैको गाउँ दि सि न पा ४ राजपुरमा आए । माइतमा दैनिक ज्यालादारी काम गरेर घर परिवारको गुजरा गरिरहेको बेला संस्थाको सहयोगमा अटो चालक को १ महिने तालिम पाए । तालिम पश्चात नजिकै छिमेकिको अटो भाडामा लिएर चलाउने गरेकि छु माषिक २० हजार अटोको भाडा तिर्छु र बाकि १५, २० हजार मलाई बच्ने गर्दछ । यहि कमाईले मैले ४ वटा छोरालाई पढाई रहेकि छु । जेठो छोरा डिप्रेसनको बिरामि छ उसको उपचार सहित पढाई खर्च पनि यहि कमाई बाट हुने गरेको छ । माइलो छोरा उच्च शिक्षा पढि रहेको छ । अहिले मैले अटो चलाएको देख्दा गाउँका अन्य २ जना दिदीहरुले पनि यस महिना देखि अटो सिक्न थालेका छन ।"

धनसरा आउजी
दिपायल सिलगढी नगरपालिका वडा नं. ४
फुलवारी महिला समुह

पहिले मैले तरकारी बालिमा किरा लाग्दा टाढाको बजारमा गएर एग्रोभेटबाट किरा मार्ने औषधिहरु किन्नु पर्दथ्यो । जसले गर्दा समयको बर्बादका साथै पैसाको पनि नास हुने गर्दछ । यसै गरि राम्रो गहु धान फल्ने आसामा खेतहरुमा हजारौं पैसा तिरेर रसायनिक मल ल्याउने गर्दथ्यो तर अहिले हाम्रो गाउँमा यस्तो हुदैन । खेतबारीमा घरकै गोठेमल प्रयोग गर्दछौ अघिल्लो वर्ष उत्पादन घट्दा हामि आतिएका थियौ तर यो वर्ष पहिले कै बराबरीमा धान फलेको हुदा खुसि छौ । यसका साथै तरकारीबारीमा रोग किरा लाग्दा हामि नआतिदै घरमा बनाएको जैबिक बिषादीको प्रयोग गर्छू जसले गर्दा शुद्ध तरकारी पनि फलेको छ भने बिषदी किन्ने पैसा पनि बचेको छ । शुद्ध तरकारी हुन्छ भनेर हाम्रो तरकारी सहजै बिक्री हुने गर्दछ । तरकारी खेतिबाट राम्रो आम्दानी हुन थाले पछि ११ वर्ष देखि भारतमा काम गरि रहेका श्रीमानलाई घर बोलाई दुबै जना यस व्यवसायमा आबद्ध रहेका छौ र एउटा छोरालाई पढाउन सजिलै पुगेको छ ।"

खिमा कोली
समता महिला समुह

के आई सिंह गा.पा. ६ भुमिराजकाण्डौ, डोटी

**घट्ना अध्ययन कम्तीमा २ वटा (घटना अध्ययन बनाउंदा सकेसम्म समूदायमा ठूलो प्रभाव देखिने खालको घटना उल्लेख गर्ने तथा घट्ना अध्ययनहरुको सहमति वा Consentअनिवार्य रुपमा संलग्न गर्ने)**

## "व्यवसायमा संलग्न रहदा"

"श्रीमानले भएको जागिरी पनि छाड्नु भयो आफ्नो हातमा कुनै सिप थिएन । ४ वटा छोरा छोरी कसरी हुर्काउने भनेर मानसिक रोगको सिकाए भएकि म अहिले हासि खुसिँ देउरानी, जेठानीको साथमा हिन्ने भएकि छु । पेट पाल्न नसकेर गाउँ नै छोडेर भाग्छन कि भन्ने मेरा गाउँका मानिसहरु बसन्ती साहसि महिला हो भनेर उदाहरण दिन्छन ।" यो बसन्ती दमाईको भनाई हो । "

यहि दि सि न पा वडा नं ४ राजपुर घर भएकि बसन्ती दमाई पञ्चेश्वर महिला समुह तथा पञ्चेश्वर महिला बहुउद्देश्य सहकारी संस्थाको सेयर सदस्य हुन । उनि ३२ वर्षकि भईन । उनको १४ वर्षको उमेरमा बालविवाह भएको थियो । परिवारको आर्थिक अवस्था कमजोर रहेको हुँदा बसन्तीले कक्षा २ मा नै पढाई रोकेकि थिइन । भाई बहिनीहरु धेरै भई दुई छाक खानलाई समेत नपुग्ने भए पछि उनका बुवाले बसन्तीको १४ वर्ष कै उमेरमा बिवाह गरि पठाई दिनु भयो । बिहे भएको १ वर्ष मै उनले पहिलो सन्तानलाई जन्म दिईन । त्यस पछि लगातार १,१ वर्षको अन्तरमा बसन्तीले ४ वटा सन्तानलाई जन्म दिईन । सासु, श्रीमान ,४ वटा छोराछोरी र आफु गरि अहिले उनको ७ जना परिवार छ । खेतिपातीमा संलग्न रहने हो भने उनि संग जमिन छैन । अरु कुनै काम गर्ने हो भने सिप छैन त्यहि भएर बसन्ती छोरा, छोरीको स्याहार सुसार गर्ने र घरको काम गर्नमा नै व्यस्त रहने गर्थिन । उनका श्रीमान कहिल्यै, बैंक, कहिल्यै होटेल त कहिल्यै सरकारी कार्यालयहरुको कार्यालय सहयोगिको रुपमा काम गर्ने गर्दथे तर उनको गलत आचरण, व्यक्तिगत समस्या र काम प्रतिको लापरबाहिका कारण उनलाई सबै ठाउँबाट निकाल्ने गर्थे । जसले गर्दा बसन्तीलाई मानषिक तनावले सताउन थाल्यो । उनलाई देउरानी, जेठानीहरुको अगाडि जान अप्टेरो लाग्थ्यो । श्रीमान कामबाट छुटे पछि दिन भरि भट्टीमा तास खेल्ने गर्दथे । खेलमा उनले श्रीमतीको गहना समेत बिक्रि गरे । बसन्तीको घरमा श्रीमान संग रात दिन झगडा हुन थाल्यो । घरको शान्ती हराउदै गयो । दिनको दिन झगडा हुदा छिमेकिहरु मजाक उडाउने, खिल्ली गर्न थाले । अब त छोरा छोरीहरुलाई साझ बिहान के खुवाउने भन्ने समस्या पर्न थाल्यो । दैनिक ज्यालादारी गरेर खाउँ भने पनि काम नियमित नपाइने भयो । खेति पाति गरेर खानको लागि आफुसंग जमिन नभएको हुदा उनको पारिवारीक अवस्था खस्कदै गयो ।

आखिर पुरुषको कमाई नहुँदा पुरै घरबार बिचल्लीमा पर्ने कुरा गाउँमा हुन थाल्यो । त्यस पछि बसन्तीले गाउँ नै छोडेर भारतमा गई काम गर्ने र छोरा छोरीको पालन पोषण गर्ने, श्रीमानलाई छोडपत्र दिने निर्णय गरिन । उनको यो निर्णय समुहका महिलाहरुले थाहा पाए । उनि भारत जानको लागि गाउँमा ऋण खोज्दै हिडेको कुरा बाहिर आए पछि समुहमा यो कुरा उठेको हो ।

समुहका महिलाहरुले बसन्ती र उनका श्रीमानलाई बोलाएर बैठकको आयोजना गरे । बैठकमा उनिहरु दुबै बिच के कुराले गर्दा झगडा हुदै छ र उनको जागिर जुन ठाउँमा गए पनि छुट्नुको कारणहरु बारे छलफल गरियो । जसमा धेरै गल्तीहरु बसन्तीको श्रीमानको भएको हुँदा समुहका महिलाहरुले उनलाई सम्झाई बुझाई गर्नु भयो । अब उनले धेरै ठाउँबाट काम गर्ने कर्ममा निकालेको हुँदा पुन : सोहि ठाउँमा काम पाउने सम्भावना नभए पछि उनलाई व्यवसाय गर्नको लागि सल्लाह सुझाव दिए । बसन्तीले श्रीमानको भर नभएको र जुन सुकै समयमा पनि भएको व्यवसाय छोडेर भाग्ने डरले भारतमा नै काम गर्ने सोच बनाएको अवस्थामा समुहका महिलाहरुको सहजिकरणले गर्दा संस्थाको सहयोगमा भैसिपालन व्यवसाय गर्ने कुरा भयो । बसन्तीले अरु व्यवसायको सम्भावना नभएको र नजिकै बन रहेको हुँदा घासपात गर्न समस्या नहुदा उनले भैसि पालन व्यवसाय गर्ने निर्णय गरिन । बजार नजिक छ । राजपुर जनसंख्या बढि नै भएको बजार थियो तर जातिय बिभेदका आधारमा उनको व्यवसायिक यात्रा पनि सफल हुन्छ कि हुदैन भन्ने चुनौति पनि थियो । बसन्ती जस्तै त्यो समुदायका ६२ घरधुरीका महिलाहरुको जिवन स्तर उकास्नको लागि समुहका महिलाहरुले बेला बेला जातिय बिभेद बिरुद्धका अभियानहरु संचालन गरि रहेका थिए भने बसन्तीले भैसि पालन व्यवसाय सुरु गर्नु पुर्व पनि समुहका महिलाहरुले समुदाय स्तरमा जातिय बिभेद बिरुद्ध र यस संग समबन्धि बनेका कानुनहरुको बारेमा पनि सचेतनामुलक अभियानहरु संचालन गरेका थिए ।

बसन्तीले समुहको सहयोगमा घुम्तिकोषबाट रु १ लाख सहयोग प्राप्त परि व्याउने भैसि खरिद गरिन । भैसि किनेको २४ दिन पछि उनको भैसिं व्यायो । ११ दिन पछि बसन्तीले बजारमा दुध लगाउन थालिन । भैसि ८ लिटर दुध दिन्छ । उनले बिहानको सबै दुध बजारमा बिकी गर्छिन । एक लिटर दुधको ९० रुपैया हुन्छ । उनले एक दिनमा ७२० रुपैयाको दुध

बिक्री गर्छिन र साझको केहि दुध जम्मा गरेर बिहान २ लिटर दहि पनि प्रति लिटर रु १३० का दरले बिक्री गर्छिन । यसरी उनले दुध र दहि गरि माषिक २९,४०० कमाउने गर्छिन । भैसिलाई उनले घासं र घर कै अन्नको दानाहरु खुवाउछिन जसले गर्दा उनलाई बाहिरबाट दाना किनेर खुवाउनु पर्ने खर्च हुदैन र उनको सबै आम्दानी बचत हुन्छ । उनले महिना वा २ महिनामा मा रु ८०० को दरले भैसिको घिउ पनि बिक्री गर्ने हुदा फाइदा भएको छ। यसरी आम्दानी गरेको पैसा बसन्तीले आफ्नो निर्णय अनुसार खर्च गर्ने गर्छिन । माषिक ५ हजार उनले घुम्तिकोषबाट निकालेको ऋण तिर्ने गर्छिन भने बाकि पैसाले घरको रासन, पानी, बिजुलीको बिल तिर्ने गर्छिन र छोरा छोरीहरुको कापि कलम किन्ने गर्छिन । उनले यो व्यवसाय सुरु गरेको ६ महिना भयो भने २ महिना यता उनले रु १००० बैकमा आफ्नो छोरीको नाममा जम्मा गर्ने गरेकि छिन ।

हाल श्रीमानले पनि घरको काममा सघाउने गरेका छन । श्रीमतीले हिम्मत गरेर व्यवसायमा रात दिन नभनि खटि रहेकि छिन भन्नेकुराको महसुश उनलाई भएको छ। सोहि गाउँ कि गंगा आउजि भन्छिन "अब पेट पाल्न गाउँ नै छोडर भाग्नु पर्छ होला । श्रीमानले कमाई नगर्दा छोरा छोरी र श्रीमती भोकै मर्छ । परिवार बिचल्लीमा पर्छ भन्ने गाउँका मान्छेको अगाडि उनले निकै साहस गरेर भैसि पालन व्यवसाय सुरु गरिन । अहिले बजारको माग केहि आफुले के गर्न सक्छु भन्ने बुद्धि लगाएर उनले व्यवसायलाई अगाडि बढाइन र अहिले घर परिवारलाई बरबाद हुन बाट बचाइन । बुबाले कमाई गर्न छोड्दा पनि उनले छोराछोरीहरुलाई बिद्यालय जानबाट रोकिनन् । बसन्तीलाई देखेर अहिले हामि सबै महिलाहरुलाई हिम्मत आउछ ।" यसरी बसन्तीले समुहको सहयोगमा आफ्नो व्यवसायलाई अगाडि बढाउदै परिवारको आवश्यकता परिपुर्ति गर्दै छिन ।

## "वाखापालनले जीवनमा दु:खका दिन हराए"

के.आई.सिंह गाँउपालिका वडा नं. ७ भूमिराजमाण्डौको थलीमा बसोवास गर्दै आएकी वर्ष ४० की काली देवी तिरुवाको परिवारमा २ वटा छोरी र श्रमिान गरि ४ जनाको परिवार रहेको छ। काली एक गरिव विपन्न परिवारकी हुन् । घरमा एक मात्र कमाउने कालीका श्रीमान लामो वर्ष देखि भारतमा काम गर्ने र भारतको कमइले घर खर्च र छोरीलाई पढाउने गरि रहेकी थिइन । एउटै श्रीमानको कमाइले घर खर्च र छोरीहरुको पढाईको भार भएकाले काली दैनिक ज्यालामा समुदायका मानिसहरुको खेतमा काम गरि जेनतेन गुजारा गरि खानाको जोहो गरिरहेकी थिन । छोरीलाई धेरै पढाउने इच्छा हुदाहुदै पनि अन्य आय श्रोतको रुपमा केही नभएकाले छोरीलाई पढाउन नसक्ने अवस्था आयो । यस अवस्थामा एक्शनएड नेपाल र सम विकास केन्द्र (EDC) नेपाल द्वारा संचालित द महिला नेटवर्क परियोजनाले समुहमा घुम्तीकोष परिचालनवाट रु ९५ हजार वाखा पालन व्यवसायका लागि सहयोग गरियो । कालीले ९५ हजारको १५ वटा वाखा किनी पालन थालीन् । १५ वटा वाखाले संचालन गरेको वाखा पालनले २५ वटा सम्म वाखा पुगे वोका विक्री गर्ने पाठालाई पाल्ने गरि वाखापालन गरेको १ वर्षमा वोका विक्री गरि रु ५० हजार आम्दानी गरिन र आम्दानी गरेको पैसाले विद्यालय छोडेकी छोरीको पढाईलाई पुर्न विद्यालय भर्ना गरि विद्यालय पढाउन सफल भइन । काली तिरुवा भन्छिन् : मैले सम विकास केन्द्र नेपालले गठन गरिएको संघर्षशिल महिला समुहमा आवद्ध भए समुहमा सदस्य पदमा थिए । मेरो घरको आर्थिक अवस्था कमजोर भएकाले समुहमा आएको घुम्तीकोषको पैसा रु ९५ हजार लिई वाखापालन व्यवसाय संचालन गरे र वोका विक्री गरेको  पैसाले खाना खर्च र छोराको पढाई खर्च गर्दै आइ रहेकी छु । मैलेले आफ्नो घर खर्च गरि संगितालाई कक्षा कक्षा १० र कान्छी छोरी चन्द्रालाई कक्षा ७ सम्म पढाइ रहेको छु। मैले डेढ वर्षको अन्तरालमा १ लाख ५ हजार आम्दानी गरेको छु। र समुहवाट लिएको घुम्तीकोष पैसा तिरि सकेको छु। घरमा एउटै कामउने व्यक्ति भएको घर खर्च पनि चलाउन धउ धउ भएरहेको थियो । र जव मलाई सम विकास केन्द्रले सहयागे गऱ्यो मलाई समुदायमा जिउन सिकाएको छ । अहिले मलाई अरुको घरमा काम गर्नु पर्दैन , अरुकोमा गएर ऋण माग्नु पर्दैन । अव म आफ्नो वाखा पालन व्यवसाय लाई पूर्ण व्यवस्थित गर्दै लैजाने र त्यसबाट आएको आम्दानीबाट राम्रो विदालयमा छोरीलाई स्नातक तह पढाउने योजना छ । मैले गरेको वाखा पालन व्यवसायवाट राम्रो आम्दानी हुन थालेकाले भारतमा काम गरिरहनु भएका श्रीमानलाई घरमा वोलाई दुवै जना यो व्यवसायमा लागेर अगाढी वढाइरहेका छौ । पहिला समुदायमा अर्काको काम गरेर खानु परेकाले समुदायले हेला गर्ने गरेको अहिले वाखा पालन गरेपछि समुदायमा अरु व्यक्ति सरह वस्न सक्ने भएका छ । अहिल मलाई सम्मन गरेर वोल्ने गरेका छन् ।

कालीका श्रीमान राम तिरुवा भन्छिन् : पहिला म भारतमा थोरै पैसामा काम गर्नु पर्ने र त्यो पैसाले घर खर्च पनि चलाउन गाह्रो हुने थियो र मेरो कमाएले मात्र नपुग्ने भएकाले मेरो श्रीमतीले गाँउमा अर्काको काम गरि खानु पर्ने थियो । गाँउमा हामीलाई गरिव भनेर हेप्ने गर्थे जव संस्थाको सहयोगमा वाखा पालन व्यवसाय संचालन गऱ्यौ त्यसवाट राम्रो आम्दानी भयो र मैले पनि घरमा रोजगारी पाए । अहिले मनग्य कमार्य हुनथले पछि गाँउमा सम्मान गर्ने र आर्थिक सहयोगको समेत अपेक्षा गर्न थालेका छन् । वाखा पालन व्यवसायले हाम्रो जिवनमा परिवर्तन ल्याउन सहयोग गरेको छ ।

आगामी दिनमा यो व्यवसायलाई अझै वढाउने योजना रहेको छ । समुदायमा वाख्रा पालन व्यवसाय नमुना वनाउने योजना रहेको छ ।

- प्राथमिकता नं ३ को बजेट विवरण (जनवरी देखि जुनसम्म)

| स्विकृत बजेट | कुल खर्च | खर्च प्रतिशत |
|---|---|---|
| १४,६०,७०२। | | |

## प्राथमिकता नं ४:बिपद उत्थानशिलताको विकाश ।

- **परिवेश विश्लेषण गर्ने (हाम्रो उद्देश्य र कामसंग सम्बन्धीत)**

बिगत १ वर्ष देखि डोटी जिल्लामा बारम्बार भुकम्पले मानविय तथा भौतिक क्षेति गरिरहेको र बारम्बार भुकम्प गई रहेको हुँदा जिल्ला अझै जोखिममा रहेको छ । भुकम्पले मानिसमा मानसिक डर पैदा गरेको छ । यसै गरि यस अबधिमा लम्फी स्कृन रोगबाट सयौ मात्रामा जनावरहरु मरेको हुदा किसानहरुले लाखौको क्षति बेर्होनु परेको छ । समय मै खेति लगाउनको लागि गोरु नपाएर किसानलाई सहज वातावरण बनेको थियो । हाल स्थानिय तह तथा संघसंस्थाहरुको पहलमा बिरामी पशु चौपायाहरुको उपचार भएको छ । बिपद न्युनिकरण गर्न वडा, पालिका र प्रदेशद्धारा जोखिम युक्त स्थानमा तटबन्धन, ग्याविन जालिको प्रयोग र वाल बनाउने कार्य भईरहेको छ । यस जिल्लमा जंगली जनावरहरुको आतंकले यस वर्ष २ जनाको मृत्यु र ६ जना घाइते भएका छन भने खेतिपाती तथा तरकारी बालिबाट किसानहरुले लाखौको क्षति बेहार्नु परेको छ । युवा संजालको पहलमा बिद्यालय तथा समुदाय स्तरमा बिपद्धबाट सुरक्षित रहने बारे सचेतनामुलक अभियानहरु संचालन भई रहेका छन । यस वर्ष के आई सिं गा पा मा असिना पानीले फलफुल तथा तरकारी बारीमा नोक्सान पुऱ्याउँदा किसानहरु चिन्तीत रहेका छन ।

- **प्राथमिकता ४ अन्तर्गत कार्यान्वयनको प्रमुख क्षेत्रहरु**

  - **हाम्रो कार्यक्रमको सहयोगले समूदाय तथा महिलाको मानविय प्रतिकार्यसम्बन्धि क्षमता तथा नेतृत्व विकाशमा के कस्ता उपलब्धिहरु हासिल भए ? सो उपलब्धिहरु हासिल हुनमा हाम्रो भूमिका के कस्तो रह्यो ?(विपत जोखिम न्यूनीकरण, राहत तथा उद्धार )**

श्री झिमे माबिमा अध्ययनरत ११० बालबालिकाहरुको उपस्थितीमा भुकम्पबारे नमुना अभ्यास कार्यक्रम संचालन भएको छ भने कार्यक्षेत्रका अन्य बिद्यालय तथा समुदायहरुका ६४८ जनाको उपस्थितीमा भुकम्पको जोखिमबाट सुरक्षित रहनको लागि सचेतना मुलक अभियान संचालन गरिएको छ ।
स्थानिय अधिकार कार्यक्रमद्धारा समूदाय तथा महिलाको मानविय प्रतिकार्य सम्बन्धि क्षमता तथा नेतृत्व विकाश गर्न १८० जना युवा तथा महिलाहरुलाई समुहमा छलफल तथा अन्तरक्रिया गरिएको छ भने उहाहरुले समुदायमा गएर मानव प्रतिकार्य सम्बन्धि सचेतनाहरु दिने गरेका छन ।
असिना पानीले कार्यक्षेत्रका १०४ जना व्यवसयिक कृषकहरुको फलफुल तथा अन्न, तरकारी बालिमा नोक्सान गर्दा समुहका महिलाहरुले पेश गरेको निबेदन र प्रमाणहरुको आधारमा पालिकाद्धारा उक्त किसानहरुलाई पर व्यक्ति ५० हजारको दरले राहात उपलब्ध भएको छ । जसले गर्दा किसानहरुलाई पुनः सोहि व्यवसायमा संलग्न रहन हौसला मिलेको छ । साथै सम विकास केन्द्र नेपाल र शिखर नगरपालिकाको सहकार्यमा शिखर नगरपालिका भित्रका ४२५ घरधुरीमा लम्पी स्कीन रोग बाट गाई गोरु बचाउनको लागी औषधि सहयोग गरिएको छ । जसले गर्दा समुदायका किसानहरुको क्षती हुन बाट बचेको छ ।

  - **जोखिमबाट सुरक्षित रहन तथा न्यनीकरणका लागिके कस्ता पहलहहरु गर्‍यौं, कसरी गर्‍यौं र त्यसबाट के उपलब्धिहरु हासिल भए ? (Small scale mitigationलाई यसमा समेट्ने) ।**

कार्यक्षेत्रका बिद्यालयहरुमा युवा संजाल र किशोरी समुहद्धारा भुकम्पबाट बच्ने बारे सचेतनाका गतिबिभिहरु संचालन भईरहेका छन जसले गर्दा बिपत आउदा नडराई त्यसको सामाना हिम्मतका साथ गर्नु पर्छ भन्ने प्रमाण समुदायले दिएका छन १ वर्ष अगाडि डोटीमा जिल्लामा आएको भुकम्पले त्रसित भइरहेको समयमा पुनः बेला बेलामा यस जिल्लामा भुकम्प आई रहने र जिल्लामा भौतिक क्षेति समेत भईरहेको हुदा त्रसित भएका व्यक्तिहरुको पुनः सामान्य भुकम्पले घर हल्लाउदा

पनि घरबाहिर सुत्ने र चिसोले बिरामि हुने हुदा उहाहरुलाई हिम्मत दिने काम युवा संजालले गरेको छ हाल सबै जना घर भित्रै सुत्ने गरेका छन ।
युवा मिलन केन्द्रको आयोजनामा के आई सिं गा पा मा समुदाय, बिद्यालय तथा बजार क्षेत्रमा जलवायु परिवर्तन सम्बन्धि अभियान संचालन भईरहेको समयमा उक्त क्षेत्रका २ वटा बिद्यालयले प्लाष्टिक जन्य वस्तुको प्रयोगमा रोक लगाएको छ भने स्थानिय तहले बजार क्षेत्रमा प्लाष्कि जन्य फोहरको व्यस्थापनको लागि डस्टबिन सहयोग गरेको छ । यसका साथै दि सि न पा मात्र नभएर यस वर्ष के आई सिं गा पा तथा शिखर न पा ले पनि बजारको फोहर व्यवस्थापन तथा नियन्त्रणमा जोड दिदै अनावश्यक रुपमा प्लाष्टिका सामानहरु प्रयोगमा रोक लगाएको छ ।

प्राथमिक उपचार कसरी गर्ने भन्ने तालिम पाए पश्चात शिखर न पा ३ का सुनिल बि क को लडेर दुबै हात भाचिए पछि परिवारलाई सान्तोना दिदै युवासंजालले दुबै हात काठले बाधेर २ घण्टाको बाटो पश्चात स्वास्थ्य चौकिमा ल्याई उपचार गरेका छन ।

**○ हामीले विपत प्रभावितलाई मानविय सहयोग तथा प्रतिकार्यका लागि के कस्ता क्रियाकलाप तथा पहलहहरु गर्‍यौं, कसरी गर्‍यौं र त्यसबाट के कस्ता उपलब्धिहरु हासिल भए ?**

संस्थाको पहलमा गत वर्ष पहिरोबाट घरखेत सबै बगाएकि लक्ष्मी पार्कि १ वर्ष सम्म घरबार बिहिन रहदै छिमेकिको एउटा सानो कोठामा सरण लिदै बसेको अवस्थामा नगरपालिका र जिल्ला प्रशासन कार्यालयबाट ७ लाख राहात प्राप्त गरेकि छिन । उनि जस्ता नगरपालिका र जिल्ला प्रशासन कार्यालयले कोईरेलि बस्तिका १६ घरधुरीलाई घर निमार्णको लागि सहयोग गर्नुका साथै सरकारी जग्गा सहयोग गरको छ ।
संस्थाको पहलमा दि सि न पा मा महिला मैत्रि राहात व्यवस्थापन कोष संचालन कार्यबिधि निमार्णमा सहयोग भए पश्चात न पा ले राहात बितरणमा सहजकता आएको बताएका छन । साथै पालिकामा पहिला राष्ट्रिय स्तरको मापदण्ड अनुसार कार्य हुदै आएको र अहिले पालिकालाई सुवाउदो महिलामैत्रि मापदण्ड निर्माण गरि कार्यपालिकाको बैठक बाट पास गरि सकेको छ ।

**○ जलबायु परिवर्तन तथा जलबायु न्याय सम्बन्धि के कस्ता पहलहरु गरिए तथा त्यसबाट कस्ता उपलब्धिहरु देखिए?**

युवा मिलन केन्द्रको आयोजनामा के आई सिं गा पा मा समुदाय, बिद्यालय तथा बजार क्षेत्रमा जलवायु परिवर्तन सम्बन्धि अभियान संचालन भईरहेको समयमा उक्त क्षेत्रका २ वटा बिद्यालयले प्लाष्टिक जन्य वस्तुको प्रयोगमा रोक लगाएको छ भने स्थानिय तहले बजार क्षेत्रमा प्लाष्कि जन्य फोहरको व्यस्थापनको लागि डस्टबिन सहयोग गरेको छ । यसका साथै दि सि न पा मात्र नभएर यस वर्ष के आई सिं गा पा तथा शिखर न पा ले पनि बजारको फोहर व्यवस्थापन तथा नियन्त्रणमा जोड दिदै अनावश्यक रुपमा प्लाष्टिका सामानहरु प्रयोगमा रोक लगाएको छ ।

**○ स्थानिय स्तरमा जवाफदेहिता तथा पारदर्शिता प्रवर्धन गर्न के कस्ता पहलहरु गरिए र त्यसको प्रभाव तथा उपलब्धीहरु कस्तो दखियौ ?**

समुदायको माग अनुरुप कार्यक्षेत्रका ३ वटा पालिकाहरुमा बिपत व्यवस्थापन कोष स्थापना तथा संचालन कार्यबिधि निर्माण गरिएको छ । जिल्लाका प्रत्येक पालिकाहरुले सम्भावित हुन सक्ने जोखिमहरुलाई मध्यनजर गर्दै शिखर नगरपालिका र केआई सिंह गाउपालिकाले रु १० लाख र दिपायल सिलगढी नगरपालिकले रु २० लाख बराबरको विपद व्यवस्थापन कोष स्थापना गरेका छन ।
पहिरो जाने सम्भाबित क्षेत्रहरुमा (खोला, सडक, घर जग्गा) सुदुरपश्चिम प्रदेशबाट ग्याबिन जाली हालि तटबन्धन कार्य भएको छ । गाईगोरुहरुमा देखिएको छाला रोग तथा लम्पी रोगले गाईबस्तुहरु रोग न्युनिकरणका लागि स्थानिय तहले गोरुहरुलाई औषधि उपचारमा सहयोग गर्ने र अति नै क्षेती भएको परिवारमा १० हजारको दरले राहात बितरण गरेको थियो यस वर्ष ३ वटै पालिकाका १४ जना किसानहरुले उक्त सहयोग प्राप्त गरेका थिए ।

**○ हामीले सुरक्षित स्कूल प्रवर्धनका लागि के कस्ता क्रियाकलाप तथा पहलहहरु गर्‍यौं, कसरी गर्‍यौं र त्यसबाट के कस्ता उपलब्धिहरु हासिल भए ?**

कार्यक्षेत्रका बिद्यालयहरुमा युवा संजाल र किशोरी समुहद्धारा भुकम्पबाट बच्ने बारे सचेतनाका गतिबिधिहरु संचालन भईरहेका छन । यस अबधिमा ६४८ जनाले यस बारे जानकारी पाएका छन । यसका साथै कार्यक्षेत्रका बिद्यालयहरुमा सरसफाई अभियान गरेका छन भने कसैलाई असर नपर्ने गरेर प्याड डिस्पोजल गर्ने बारे बिद्यालयले पहल गरेको छ ।

यस वर्ष पहिरोको जोखिममा रहेका कार्यक्षेत्रका ४ वटा बिद्यायलयहरुमा बिद्यार्थी तथा शिक्षकहरुले सामुदयिक बन र जिल्ला वन कार्यालयद्धारा वुटाहरु ल्याई ८ सय वटा बिरुवाहरु रोपेका छन ।

○ माथि उल्लेखित क्षेत्र बाहेक यस अवधिमा हाम्रो पहलहरु के कस्ता रहे?

● प्राथमिकता नं ४ अन्तर्गत २०२३ मा गरिएकाभौतिक निर्माण सम्बन्धि पहलहरु

| क्रियाकलाप | स्थान | लाभान्वित संख्या | आर्थिक सहयोग | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | PNGO/AAN | Community | Palika | Other.... | Total |
| लम्पी स्कीनको लागी औषधि सहयोग | शिखर नगरपालिका | ४२५ | ६३,६७३। | | | | ६३,६७३। |

**प्राथमिकता नं ४ अन्तर्गतका कार्यकमहरु संचालन गर्दा के कस्ता चुनौतिहरुको सामना गर्नु पर्‍यो ?**

- बिपत सम्बन्धि कृयाकलापहरु समुदाय स्तरहमा कम हुने भएको हुदा सबैलाई बिपत सम्बन्धि सचेतना तथा जानकारी दिन कठिनाई हुनु
- पालिकाहरुद्धारा बिपत हुदा स्थानिय तहद्धारा दिईने सेवा सुबिधाहरुको बारेमा जानकारी नहुदा लक्षित वर्ग अन्यैालमा रहनु ।
- स्थनिय तहले राहात बितरण कार्य गर्दा कम क्षेति भएका आफन्त, राजनितिक रुपमा नजिक रहेका व्यक्तिहरुलाई सहयोग गर्दा जोखिममा रहेका परिवार दुख पाउने र समय बर्बाद हुने डरले स्थानिय तहमा राहात बितरणको लागि निबेदन पेश नगर्नु
- स्थानिय तहले बितरण गर्ने राहात प्रकृया निकै झन्जटिलो रहेको हुदा सेवा ग्राहिहरुले राहात लिन तयार नहुनु र संस्था प्रति बढि आशावादी हुनु

**यी परिवर्तनबाट हाम्रा प्रमुख सिकाईहरू के कस्ता थिए र कसरी?**

- समुदाय स्तरहमा बिपत सम्बन्धि कृयाकलापहरुमा जोड दिनु पर्ने
- समुदाय तथा पालिकाहरुसंग संयुक्त रुपमा विपद पुर्व तयारी सम्बन्धि अर्न्तरकियाका कार्यक्रमहरु आयोजना हुनु पर्ने ।

**समूदायका सरोकारवाला वा लक्षित वर्गबाट प्राथमिकता नं ४ अन्तर्गत व्यक्त गरिएका भनाईहरु (Anecdotes) उल्लेख गर्ने जसले हामीले गरेको काम तथा सोको प्रभावलाई थप प्रष्ट गर्न सहयोग गर्छ। प्रत्येक भनाई उल्लेख गर्दा सो कुरा व्याक्त गर्ने व्यक्तिको नाम, समूह, ठेगाना आदि पनि उल्लेख गर्ने ।**

के आई सिं गा पा ४ कि मन्धरा नेपाली भन्छिन "म दैनिक बजारमा काम गर्न जान्छु । कहिले ज्यालादारी काम त कहिल्यै होटेलमा रहेका जुठा भाडा धुने गर्दछु । ज्यालादारी काम गरेको दिन खाने कुरा घरबाट बोकेर ल्याउने गर्दछु कुनै ठाउँमा बसेर खाउ भने पनि जता ततै फोहोर, डुङडुङति गन्ध आउने हुन्थ्यो आसै फर्न मुस्किल हुने ठाउँमा खाना खानु पर्दथ्यो भने होटेलमा काम गरेको दिन आफैले हाटेलको फोहोर साहुले भने अनुसार जथाभाबि फाल्नु पर्दथ्यो । फोहोर फाल्ने ठाउँ नै नहुने जसले जता पायो उतै फाल्ने गर्दथे । बजारमा बढि भन्दा बढि प्लाष्टिकका सामानहरु प्रयोग भई फाल्ने हुदा ति नकुहिने र नसड्ने भएकोले बजारको फोहोर बढ्दै जाने गर्दथ्यो । अहिले भने सम किास केन्द्र नेपालले जलवायु परिवर्तन र प्लाष्टिक जन्य फोहोरको अनावश्यक प्रयोग नगर्नेबारे जानकारी दिदै गर्दा गाउँपालिकाले बजारको ठाउँठाउँमा डस्टबिनहरुको व्यवस्था गरेको छ उक्त फोहोरलाई गाउपालिकाले बजार भन्दा टाढा खाल्डोकोमा फाल्ने व्यवस्था गरेको हुदा अहिले हामि काम गरि सके पछि सफा ठाउँमा बसेर खाने कुरा खान पाउँछौ । अहिले व्यापारीहरुले पनि अनावश्यकरुपमा प्लाष्टिकको प्रयोगमा कमि ल्याएका छन जसले गर्दा हाल के आई सिं बजारमा नाक थुन्दै हिन्ने समस्या टरेको छ ।"

मन्धरा नेपाली

के. आई. सिंह गाउपालिका ४

**घट्ना अध्ययन कम्तीमा २ वटा (घटना अध्ययन बनाउंदा सकेसम्म समूदायमा ठूलो प्रभाव देखिने खालको घटना उल्लेख गर्ने तथा घट्ना अध्ययनहरुको सहमति वा Consentअनिवार्य रुपमा संलग्न गर्ने)**

- प्राथमिकता नं ४ को बजेट विवरण (जनवरी देखि जुनसम्म)

| स्विकृत बजेट | कुल खर्च | खर्च प्रतिशत |
|---|---|---|
| ६,३३,१२२। | | |

**५.स्थानिय निकायहरुसंगको समन्वय तथा सहकार्यमा हामी के कस्ता नीतिगत कार्यहरुमा संलग्न भयौं र त्यसका उपलब्धीहरु के भए?**

स्थानिय अधिकार कार्यक्रम अन्तरगत ३ वटा पालिकामा श्रमिक अनुगमन सम्बन्धि कार्यविधि निर्माण भई पालिका बाट पास भएको छ । यस भन्दा पहिला अनुगमन संयन्त्र ५ सदस्यीय समिती थियो भने अहिले हाम्रो पहलमा २ जना श्रमिक महिलाहरुलाई समितीमा थप गरिएको छ । साथै दिपायल सिलगढी नगरपालिकाको सहकार्यमा २ दिने कार्यशाला पश्चात पालिकामा महिलामैत्रि राहात मापदण्ड कार्यविधि पालिका बाट पास भएको छ ।

६.सामाजिक परिचालन तथावकालत र पैरवीबाट आएका प्रमुख उपलब्धीहरु के थिए? (प्रत्येक प्राथमिकता अन्तर्गत तपाइलाई महत्वपूर्ण लागेको  एउटा मात्र उपलब्धि उल्लेख गर्ने)

७. उल्लेखित उपलब्धिहरुका कारण समाजमा स्थापित शक्ति संरचनामा के कस्ता परिवर्तनहरु आए ? कुनै एउटा उदाहरण प्रस्तुत गर्नुहोस् ।

८. सन् २०२३ भित्र सबै प्राथमिकताहरु अन्तर्गत के के कियाकलापहरु संयुक्त रुपमा वा संयुक्त लगानीमा गरिए ?

| **क्रियाकलाप** | **स्थान** (पालिका, वडा नं तथा टोल, स्कूल आदि) | **आर्थिक सहयोग रु** | | | |
|---|---|---|---|---|---|
| | | **PNGO/AAN** | **Community** | **Palika** | **Total** |
| | | | | | |
| | | | | | |
| | | | | | |

**९. संस्थागत विकाश सम्बन्धी कार्यक्रमहरु (उदाहरणका लाागि : सामाजिक लेखाजोखा, साधारण सभा, अनुगमन मूल्यांकन, लेखा परिक्षण, तालिम आदि)**

यस अवधिमा संस्था बाट कार्यक्षेत्रको अनुगमन गरिएको छ अनुगमनका बाट तपशिल बमोजिमका उपलब्धिहरु अनुगमन समितीले देखिएका छन । अनुगमनमा कार्य समिती सदस्य, संस्थाका अन्य सदस्यहरु र अनुगमन समितीको सहभागिता रहेको थियो ।

- समुह बैठक नियमितरुपमा भएको ।
- तरकारी उत्पादन, बाखा, बंगुर पालनबाट आम्दानि गरि जिविकोपार्जनमा सहयोग पुगेको छ (घरायसि खर्च, जीवन निर्वाह)
- अभियानहरुमा महिलाहरुको सहभागिता बढी रहेको छ र महिला, हलिया र श्रमिकका मुद्धालाई संबोधन गर्न सार्वजनिक दवाव, स्थानिय तहमा डेलिगेशन मार्फत मागको दावी गर्ने सक्षमता रहेको ।
- दलित बस्तिमा समुह निर्माण भएको ।

अनुगमन बाट निम्नलिखित सुधार गर्नु पर्ने पक्षहरु अनुगमन समितीले औल्याएको छ ।

- फिल्ड कर्मचारीले अभियानममुखि कार्यहरुमा बढि नियमितरुपमा परिचालित भई कार्य गर्नु पर्ने ।
- बचत तथा ऋण परिचालन भन्दा परियोजनाको लक्ष्य र उद्धेश्यमा रहि कार्य गर्ने ।

- परियोजनाका गतिविधिहरुलाई ईभेन्टमा आधारित भन्दा  पनि सवालगत प्रकृयाको रुपमा अघि बढाउने ।
- स्थानिय तह मा प्रभावकारी समन्वय गर्नु पर्ने ।
- अझै पनि दलित घरधुरिहरु छुटेका छन जसलाई आबद्ध गर्नुपर्ने ।

सम विकास केन्द्र २०५३ सालमा दर्ता भई भाडाको घरमा बसि आफ्ना कार्यक्रमहरु संचालन गरेको थियो । यस वर्ष २०८० साल बैशाख १ गते देखि आफ्नै कार्यालय बाट कार्य संचालन गरि रहेको छ ।

सम विकास केन्द्र (ईडिसि) नेपाल, डोटी द्वारा संचालित स्थानिय अधिकार कार्यक्रमका कार्यक्रम संयोजक नरेन्द्र बहादुर वि.क संस्थाको सुचना अधिकार र द महिला नेटवर्क परियोजनामा कार्यरत कार्यक्रम अधिकृत रमा भण्डारी सेफ गार्डिन र जेसी फोकल पर्सनको  जिम्मेवारी पाएका छन ।

**१०.बालबालिका केन्द्रित कार्यक्रम अन्तर्गत के कस्ता क्रियाकलापहरुगरियो र यसबाटकस्ता उपलब्धिहरु हासिल भए तथा कस्ता चुनौतिहरु देखा परे ?**

विद्यलायमा गठन गरिएको वाल क्लबले आफ्नो वार्षिक योजनाको आधारमा विद्यालयका वाल विवाह, छाउपडी प्रथा, गुणस्तरिय शिक्षा, प्रजनन स्वास्थ्य, विभिन्न अतिरिक्त क्रियाकलापहरु आदीको बारेमा विभिन्न अभियानहरु संचालन गरेका छन । वाल क्लबको विभिन्न किसिमका अभियानको माध्यम बाट अहिले विद्यलायमा वालवालिकाहरको नियमित उपस्थिती रहने गरेको पाईन्छ । अहिले वालवालिकाहरुले शिक्षकलाई कुनै किसिमको डर नमानेर प्रश्नहरु सोध्ने गरेको पाईन्छ । २०२२ मा संचालन गरिएको रेमिडियल कक्षाले पनि अहिले वालवालिकाहरुको डर हराएको छ ।

११. बाल प्रायोजनसम्बन्धीगरिएका क्रियाकलाापहरुमा कस्ता चुनौतिहरु देखा परे र कसरी समाधान गरियौ ?(समुदाय स्तरमा, बाल प्रायोजन प्रक्रिया सम्बन्धमा र बाल प्रायोजन सिस्टम (SK) संग सम्बन्धित)

यस अवधिमा वाल प्रायोजना कार्यक्रम अन्तरगत १४१५ जना वालवालिकाहरुको वाल सन्देश संकलन गरिएको छ । साथै वाल प्रायोजना कार्यक्रम अन्तरगत जलवायु न्याय सम्बन्धि चित्रकला प्रतियोगिता कार्यक्रम सम्पन्न गरिएको छ । वाल प्रयोजना कार्यक्रम अन्तरगतका मुख्य चुनौतीहरुमा वालवालिकाहरु आमा बुवा संग भारत जानु, ठुला वालवालिकाहरुले चित्र बनाउन नमान्नु, ठुला वालवालिकाहरु आफ्नो घरमा रहेका साना भाई बहिनीहरुको हेरचाहा गर्ने कार्य गर्ने भएकाले नियमित विद्यालय नजानु आदी रहेका छन ।

१२.तपाईको संस्थामा समूदायका कुनै व्यक्ति, समूदाय वा सरोकारवालाहरुले यस बर्ष कार्यक्रम सम्बन्धि लिखित वा मौखिक रुपमा कुनै पनि प्रकारको सुझाव, सोधपुछ वा गुनासो दर्ता गर्नुभएको वा प्राप्त गर्नुभएको छ ? यदि छ भने कतिवटा लिखित र कतिवटा मौखिक थिए? साथै कसरी सोको पहल तथा समाधान गरियो ?

| लिखित सुझाव, सोधपुछको संख्या तथा प्रकार | समाधान कसरी गरियो? | मौखिक सुझाव, सोधपुछको संख्या तथा प्रकार | समाधान कसरी गरियो? |
|---|---|---|---|
| | | | |
| | | | |

१३. अन्य कुनै छुटेका कुरा प्रतिवेदनमा राख्नु परेमा